का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ साउन २०७९, शनिबार
13 August 2022, Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २०, अंक १८९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



गाइजात्रा पर्वको दिन शुक्रबार भक्तपुर दरबार क्षेत्रमा ताहमचासहित नगर परिक्रमा गर्दै स्थानीय । वर्षभर दिवंगत भएका आफन्तको सम्झनामा ताहमचा बनाएर तस्वीर टाँसेर भक्तपुर नगर परिक्रमा गर्ने प्रचलन छ । तस्वीरः रत्न श्रेष्ठ, रासस

# न्यायको लडाइँमा निहारिका

## राष्ट्रपति कार्यालय अगाडि आत्मदाहको प्रयास

आफूमाथि भएको अन्यायका विरुद्ध कहिले अनशन बसेर, कहिले धर्ना त कहिले आत्मदाहको प्रयास गरेकी निहारिका राजपूतको भविष्यमाथि राज्यले गरेको वेवास्ताले उनको जीवन थप संकटमा पर्नसक्ने सम्भावना देखिएको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २७ साउन ।

गत जेठ महिनादेखि काठमाडौंमा अनशन बस्दैं आएकी कुमारी आमा नामले परिचित धनुषाकी निहारिका राजपूतले आत्मदाहको प्रयास गरेकी छिन् । २१ महिनाको बच्चा लिएर आमरण अनशन समेत बसेकी उनले न्याय पाउने सम्भावना नदेखेपछि राष्ट्रपति भवन अगाडि गएर आत्मदाहको प्रयास गरेकी हुन् । तर, उनको प्रयास सफल हुन नदिई नेपाल प्रहरीले उनलाई जोगाएको छ ।



हुनत, उनले आफ्नो न्यायका लागि प्रयास भने नगरेकी होईनन्, अदालत, पुलिस, महिला अधिकारकर्मी देखि उनी कस/कसकोमा पुगिनन् ? त्यसबाट पनि केही पार नलाग्ने देखेपछि उनले वसन्तपुरमा आमरण अनशन सुरु गरिन् । सो अनशनमा विभिन्न सहमति गराएर गृहमन्त्री बालकृष्ण खाँड र महिला आयोगका पदाधिकारीले होडबाजीमै जुस पिलाए, उनको अनशन तोडियो । तर, ती व्यक्तिहरु आज उनको साथमा छैनन्, न्याय नपाउने निश्चित भएपछि उनले पुन अनशन सुरु गरिन् ।

दोश्रो चरणको अनशन सुरु गरेको आठ दिन बित्यो । तर, नेपाल सरकार र सरोकारवाला निकाय उनलाई न्याय दिलाउनुको सट्टा घटनाबारे बेखबर बनेपछि उनले विवश भएर आत्मदाहको प्रयास गरेकी हुन् । हुनत, उनको माग सरकार बेखवर हुनुपर्ने वा सरकारका विरुद्ध भने छैन । उनले आफूलाई बलात्कार गर्ने पुरुष खुलेआम घुमिरहेकोले आरोपीलाई पक्राउ गरी बच्चासँग डीएनए

– बाँकी पृष्ठ २ मा

# गठबन्धनमा आकर्षण एमालेमा अनिच्छा





**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ साउन ।

सत्तारुढ पाँच दलीय गठबन्धनले सिट बाँडफाँटमा सैद्धान्तिक सहमति जुटाएको छ । सिट बाँडफाँट कार्यदलको बैठकले दलहरुबीच भागबण्डाको अनुपातबारे सैद्धान्तिक सहमति जुटाएको हो । सहमतिअनुसार, चार आधारमा दलहरुबीच सिट भागबण्डा हुनेछ ।

पहिलो, २०७४ को चुनावी नतिजा । दोस्रो, २०७४ मा पाएको समानुपातिक मत । तेस्रो, गएको स्थानीय चुनावको नतिजा र चौथो, दलहरुको संवेदनशीलता । कुन दलले कति र कहाँ सिट पाउने भन्नेबारे यो मापदण्ड निर्धारण गर्ने सैद्धान्तिक सहमति भएको हो । तर यही आधारमा सिट बाँडफाँट गर्न भने सजिलो छैन ।

त्यसको कारण हो, चुनाव सजिलै जितिने भएकाले जसरी पनि टिकट लिने नेताहरुको चाहना । ०७४ को चुनावमा नेकपा एमाले र माओवादी केन्द्रबीच तालमेल हुँदा गठबन्धनका नेताहरुले सजिलै जितेको नजीरले पनि नेताहरुको आकर्षण टिकटमा बढेको छ । वाम गठबन्धन भएकैले नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल पराजित भएका थिए । ०४८ देखिको कुनैपनि चुनाव नहारेका पौडेललाई एमालेका कृष्णकुमार श्रेष्ठ (किसान) ले हराएका थिए । शेखर कोइरालालाई लालबाबु पण्डितले हराए ।

गठबन्धनको समर्थनमा राप्रपाका राजेन्द्र लिङदेनले नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलालाई हराएका थिए भने राजेन्द्र महतोले विमलेन्द्र निधिलाई हराए । गठबन्धनकै कारण एमाले र माओवादी केन्द्रका थुप्रै नेताहरुले जितेका थिए । अहिले एमालेविरुद्ध कांग्रेस नेतृत्वमा गठबन्धन बनेको छ । यसपटक एमालेबाट विभाजित भएर बनेको नेकपा एकीकृत समाजवादी पनि कांग्रेस नेतृत्वकै गठबन्धनमा छ ।

> पाँच दलीय गठबन्धन भएकाले चुनाव जित्ने आँकलनसहित सत्तारुढ गठबन्धनका शीर्ष नेताहरु जसरी पनि टिकट लिने तयारीमा छन् भने विपक्षी नेकपा एमालेमा भने शीर्ष नेताहरुकै चुनावप्रति इनिच्छा देखिन्छ ।

तसर्थ, गठबन्धनका तर्फबाट टिकट पाएमा चुनाव जितिने आँकलनका कारणले पनि कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी केन्द्र र राष्ट्रिय जनमोर्चामा टिकटको आकर्षण बढ्दो छ । लगातार चुनाव हार्दै आएका नेताहरुमा पनि जितिने आत्मविश्वास बढी देखिन्छ । तसर्थ पनि उनीहरु गठबन्धनको पक्षमा वकालत गर्दै आएका छन् ।

तर यसको उल्टो एमालेमा भने चुनावप्रति नेताहरुमा इनिच्छा देखिन्छ । गएको स्थानीय चुनावमा गठबन्धनमा उत्साहजनक मत खसेकाले पनि एमालेका शीर्ष नेताहरु नै चुनाव नलड्ने मनसायमा देखिन्छन् । उपाध्यक्षहरु अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली र रामबहादुर

– बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारको पीडाले चौधरीलाई उद्यमी बनायो

**कञ्चनपुर/रासस–** भीमदत्त नगरपालिका- १४स्थित नयाँ कटानका दिलबहादुर चौधरीले विदेशबाट फर्केपछि पशुपक्षी फार्म सञ्चालनबाट मनग्ये आम्दानी लिँदै आएका छन् । कतारमा झण्डै डेढ दशक बिताएर फर्किएका उनले घरमै १३ लाख रूपैयाँ लगानी गरी रिदम पशुपक्षी फार्म सञ्चालन गरे ।

चौधरीको फार्ममा चिनियाँ, निसान, डिउरो, हेमसार, योगसार र धराने कालो बँगुर जातका १० वटा बँगुर, चार हजार ब्रोइलर कुखुरा, एक सय स्थानीय जातका कुखुरा र २५ वटा बाखा छन् । गत वैशाखमा मात्रै उनले ३५ वटा बँगुरका पाठा बिक्री गरी र एक लाख पाँच हजार आम्दानी गरे । अझै फार्ममा २२ बँगुरका पाठा बेच्नका लागि तयारी अवस्थामा छन् ।

गत महिना मात्रै चौधरीले र तीन हजारको कुखुरा बिक्री गरे । फार्ममा पालिएका ब्रोइलर कुखुरा चार पटक बिक्री गरिसक्नु भएका उनलाई शुरुको दुई पटक खासै नाफा नभए पनि पछिल्ला दुई पटक भने सोचेभन्दा राम्रै नाफा भएको छ । वर्षमा चौधरीले फार्मबाट रु पाँच लाख आम्दानी गर्दै आएको र यसबाट परिवारको खर्च सहज रुपमा चलेको छ ।

'फार्ममा रहेका बँगुर, बाख्रा, ब्रोइलर कुखुरा र स्थानीय जातका कुखुरा बेच्नका लागि बजारको निकै अभाव छ,' उनले भने, 'ग्राहक खोज्दै बजार चहार्दै हिँडनु परेको छ । निकै प्रतिस्पर्धा हुँदा सस्तोमै फार्ममा पालिएका पशुपक्षी बेच्नुपर्ने बाध्यता छ ।'

फार्ममा रहेका पशुपक्षी बिक्रीका लागि बजार सहज भए व्यवसायलाई विस्तार गर्न सकिने चौधरीले बताए । फार्ममा बढी लगानी गरे डुब्ने डर छ । बजारको अवस्था हेरेर पशुपक्षी पालिएको उनले बताए । २०७७ मा वैदेशिक रोजगारीबाट घर फर्केपछि स्वदेशमै केही गर्नुपर्छ भन्ने मनसाय लिएर फार्म सञ्चालन गरेको चौधरीको भनाइ थियो । 'विदेशी भूमिमा पसिना चुहाएर १८ घण्टाभन्दा बढी चर्को घाममा काम गर्नुपर्दथ्यो,' उनले भने, 'त्यही दुःख सम्झदै स्वदेशमै काम गर्ने निधो गरी फर्केको हुँ ।'

फार्म सञ्चालन गरेपछि परिवारको खर्च चलेको र फार्ममा विहानीको झिसमिसेसँगै झमक्क साँझ

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## राजदूत सुवेदीले सम्हाले साउदीमा कार्यभार

**काठमाडौं/मस–** साउदी अरबका लागि नेपालका नवनियुक्त राजदूत नवराज सुवेदीले कार्यभार सम्हालेका छन् । बुधबार साउदी अरेबिया पुगेका राजदूत सुवेदीले बिहीबारदेखि आफ्नो पदभार सम्हालेका हुन् ।

नवनियुक्त राजदूत सुवेदी बिहीबार बिहान हिमालय एयरलाइन्सको उडानबाट राजधानी रियाद पुगेका थिए । उनलाई विमानस्थलमा साउदी अरबका विदेश मन्त्रालयका शिष्टाचार विभागका अधिकारी र दूतावासका कर्मचारीहरुले स्वागत गरेका थिए ।

साउदी अरबमा नेपाली कामदरका समस्या लामो समयदेखि समाधान हुन सकेको छैन । यस्तो अवस्थामा राजदूत सुवेदीले कुटनैतिक

– बाँकी पृष्ठ २ मा

# आन्तरिक तयारीमा दलहरू

सरकारले आगामी मंसिर ४ गते आमचुनाव घोषणा गरेपछि दलहरुले आन्तरिक तयारी अगाडि बढाएका छन् । स्वतन्त्र उम्मेदवारी दिनेदेखि दल दर्ताको क्रम पनि बढेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ साउन ।

सरकारको नेतृत्व गरिररहेको दल नेपाली कांग्रेसले आज केन्द्रीय कार्यालय सानेपामा केन्द्रीय कार्य समितिको बैठक बोलाएको छ । बिहान ९ बजे बोलाइएको बैठकमा दल दर्ताबारे निर्णय हुने प्रवक्ता डा.प्रकाशशरण महतले बताए । उनका अनुसार, चुनावी कार्यक्रमबारे अन्य निर्णय पनि बैठकले गर्नेछ ।

कांग्रेसले आगामी भदौ २ देखि २४ गतेसम्म देशब्यापी अभियान सञ्चालन गर्ने, साउन ३० र ३१ गते जनप्रतिनिधिहरुलाई प्रशिक्षण दिने कार्यक्रम तय गरेको छ । यसबारे पनि छलफल गर्ने प्रवक्ता महतले बताए । कांग्रेसले प्रशिक्षण र अभियानलाई चुनावी तयारीकै रुपमा लिएको छ ।



राप्रपाका नेताहरु कुन्ती शाही र रेखा थापा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग । तस्वीरः ओलीको सचिवालय

आफू नेतृत्वको गठबन्धनले भने यसअघि नै चुनावी तयारीबारे निर्णय गरिसकेको छ । गएको २० साउनमा गठबन्धनका शीर्ष नेताहरु सम्मिलित बैठकले सिट बाँडफाँटबारे निर्णय लिन ११ सदस्यीय कार्यदल गठन गरेको छ । पूर्व गृहमन्त्री कृष्णप्रसाद सिटौला नेतृत्वको कार्यदलको बैठकले सिट भागबण्डाबारे सैद्धान्तिक सहमति नै गरिसकेको छ ।

पाँच दलीय गठबन्धनमा ०७४ को चुनावको नतिजा, समानुपातिक मत, गएको स्थानीय चुनावमा पाएको मत र दलहरुको संवेदनशीलतालाई आधार बनाएर सिट बाँडफाँट गर्ने सहमति गरिसकेको छ ।

गठबन्धनको निर्णयपछि दलगत निर्णय गर्ने क्रममा कांग्रेसले केन्द्रीय कार्यसमितिको बैठक बोलाएको हो । नेकपा एकीकृत समाजवादीले भने चुनाव केन्द्रीत दुई महत्वपूर्ण निर्णय गरिसकेको छ । घोषणापत्र मस्यौदा निर्माणका लागि गंगालाल

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२८ साउन २०७९, शनिबार
13 August 2022, Saturday

# मिटरब्याज नियन्त्रणका लागि कार्यदल गठन

काठमाडौं/मस- सरकारले मिटरब्याजसम्बन्धी समस्या नियन्त्रणका लागि कार्यदल गठन गरेको छ। प्रधानमन्त्री शेरबहादुर देउवाको निर्देशनअनुसार गृहमन्त्री बालकृष्ण खाँणले मन्त्रीस्तरीय निर्णयबाट मन्त्रालयका सहसचिव डा. भीष्म भुषालको संयोजकत्वमा ६ सदस्यीय कार्यदल गठन गरेका हुन्।

कार्यदलको सदस्यमा प्रहरीको केन्द्रीय अनसुन्धान ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्य, गृह मन्त्रालयका कानुन उपसचिव श्रीकृष्ण पौडेल, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला, राष्ट्रिय अनुसन्धान विभागका उप-अनुसन्धान निर्देशक मुकुन्द मरहट्टा छन्।




कार्यदलको सदस्य सचिवमा ब्यूरोका प्रहरी नायब उपरीक्षक रोशन खड्कालाई तोकिएको छ। प्रधानमन्त्री देउवाले शुक्रबार बिहानमात्रै गृहमन्त्री खाँण, प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र गृह मन्त्रालयका सहसचिवलाई बोलाएर मिटरब्याजीसम्बन्धी समस्या समाधानका लागि उपाय पहिचान गरी कानुनी कारबाहीको दायरामा ल्याउन र भविष्यमा यस्ता अपराध हुन नदिन आवश्यक पहल कदमी लिन निर्देशन दिएका थिए। सोही निर्देशनका आधारमा उक्त कार्यदल गठन गरिएको हो।

कार्यदललाई एक महिनाभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिइएको छ। कार्यदललाई मिटरब्याजी सम्बन्धी समस्या बढी भएका जिल्लामा स्थलगत भ्रमण गरी समस्याका कारण तथा समाधानका उपाय पहिचान गर्ने, मिटरब्याजीमा संलग्न व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन अन्तर-निकाय समन्वय र सहकार्य गर्ने तथा आगामी दिनमा यस्तो अपराध न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा सिफारिससहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी तोकिएको छ।

# बाल मन्दिरको जग्गामा व्यापारिक भवन निर्माण

**खोटाङ/रासस-** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले अनुमति नलिइ नेपाल बाल मन्दिरको नाममा रहेको जग्गामा सपिङ कम्प्लेक्स (व्यापारिक केन्द्र) तथा चिल्ड्रेनपार्क (बाल उद्यान) निर्माण गरेको खुलेको छ।

दिक्तेलबजारको रत्नपार्कमा रु चार करोड ३७ लाख ८४ हजार ७५१ खर्च गरेर बनाइएको सपिङ कम्प्लेक्स र चिल्ड्रेनपार्कको जग्गामा नेपाल बाल सङ्गठन केन्द्रीय कार्यालय, बाल मन्दिर, नक्साल, काठमाडौंले आफ्नो स्वामित्व दाबी गरेपछि यस्तो खुलासा भएको हो।

बाल मन्दिरको नाममा रहेको कित्ता नम्बर ११६४ मा पर्ने १ रोपनी सात आना ३ पैसा दुई दाम जग्गामा बिना अनुमति व्यवसायिक भवन बनाएर भाडामा लगाइ अनाधिकृत प्रयोग गरेको जनाउँदै बाल मन्दिरले लिखित रुपमा जग्गा फिर्ता गर्न माग गरेको छ।

नेपाल बाल मन्दिरको नाममा रहेको जग्गामा अनुमतिबिना व्यापारिक भवन तथा बालबालिकाको खेलमैदान निर्माणगरी भाडामा दिन लागेको बारे मौखिक जानकारी प्राप्त भएपछि रोक्का गर्न पत्राचार गर्दा हालसम्म प्रत्युत्तर प्राप्त नभएको बाल सङ्गठनका कार्यकारी अधिकृत अजयकुमार



साहले लेख्नुभएको पत्रमा उल्लेख गरिएको छ। जिल्ला मालपोत कार्यालय खोटाङले सो जग्गा नेपाल बाल मन्दिरको नाममा रहेको पुष्टि गरेको छ।

सपिङ कम्प्लेक्स र चिल्ड्रेनपार्क गत फागुन-३ गते दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका तत्कालीन नगरप्रमुख दीपनारायण रिजाल र उपप्रमुख विणादेवी राईले औपचारिक रुपमा उद्घाटन गर्नुभएको थियो।

निर्माण कम्पनी उमा-लामा-अनशुबी जेभीले ठेक्का लिएको सपिङ कम्प्लेक्स र चिल्ड्रेनपार्क विसं २०७८ जेठ ६ गते शिलान्यास गरिएको थियो।संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नगरपालिकासँगको साझेदारीमा सपिङ कम्प्लेक्स र चिल्ड्रेनपार्क निर्माण गरिएको हो।

सपिङ कम्प्लेक्सको तल्लो तलामा १४ सटर र माथिल्लो तलामा रेष्टुराँ हल, विभिन्न 'स्टल' सञ्चालन गर्न मिल्ने संरचना बनाइएको छ। भाडावापत मासिक न्यूनतम रु दुई लाख ९७ हजार राजस्व सङ्कलन गर्ने स्रोतका रुपमा विकास गर्नेगरी दुई तले सपिङ कम्प्लेक्स र चिल्ड्रेनपार्क निर्माण गरिएको हो। व्यावसायिक प्रयोजनका लागि निर्माण गरिएको सपिङ कम्प्लेक्सको माथिल्लो तलाको पछाडिपट्टि चिल्ड्रेनपार्क निर्माण गरिएको छ।

चिल्ड्रेनपार्कका लागि केटाकेटी खेल्ने स्वीमिङ पुल, कोलम्बस राईड (पिङ), स्वीङराईड लगायतका संरचना तयार पारिएको छ। यद्यपि, सपिङ कम्प्लेक्स र चिल्ड्रेनपार्कको मैदान गत असार पहिलो साता सामान्य वर्षाकै कारण भासिएपछि निर्माण कम्पनीले मर्मत गरेको थियो। सपिङ कम्प्लेक्स र चिल्ड्रेनपार्कलाई पाँच वर्षका लागि भाडामा दिनका लागि नगरपालिकाले गत फागुन२ गते न्यूनतम रु दुई लाख ९७ हजारको ठेक्का आह्वान गरेको थियो।


नगरपालिकाको लागि आम्दानीको स्रोत बनाउने उद्देश्यले निर्माण गरिएको सपिङ कम्प्लेक्स तथा चिल्ड्रेनपार्कको भाडा अझै लाग्न सकेको छैन। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको २०७७ भदौ २ गते सूचनामार्फत माग भएको पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम सञ्चालनका लागि सरकार मन्त्रीस्तरको गत माघ २९ गतेको निर्णय अनुसार साझेदारी आयोजनाकारुपमा सपिङ कम्प्लेक्स तथा चिल्ड्रेन पार्क छनोट भएको थियो।

# पत्रकार डेकेन्द्र थापाको हत्यामा संलग्नलाई कानूनी दायरामा ल्याउन माग

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, २७ साउन

पत्रकार डेकेन्द्र थापाको १८ औं स्मृति दिवस सम्पन्न भएको छ। शहीद थापाको स्मृति दिवसको अवसरमा नेपाल पत्रकार महासंघ दैलेखले डेकेन्द्र चोकमा रहेको उनको सालिकमा माल्यापर्ण गरेको थियो।

त्यस्तै उनको सम्झनामा दैलेखको समृद्धि र सञ्चार विषयक अन्तर्क्रिया गरिएको छ। शनिबार साँझ डेकेन्द्रराज थापाको सम्झनामा दिप प्रज्वलन कार्यक्रम आयोजना गरिएको हो। पत्रकार महासंघ दैलेखका अध्यक्ष यज्ञराज थापाले १८ वर्ष बितिसक्दासमेत पत्रकार थापाको हत्यामा संलग्न मुख्य दोषीहरु अझै पक्राउ गर्न नसकेको र हत्यामा संलग्नलाई पक्राउ गरी कानूनी दायरामा ल्याउन माग गरे।



यस्तै कार्यक्रममा प्रतिनिधि सभा सदस्य रवीन्द्रराज शर्माले स्वर्गीय पत्रकार थापा अभिभावकत्व लिनसक्ने क्षमता भएको व्यक्ति रहेको जानकारी दिए। सबैले पत्रकार थापाले आफ्नो ज्यान गुमाएर दिएको योगदान सम्झनुपर्ने, पत्रकार थापाको हत्यामा संलग्न दोषीलाई कानूनी कारबाहीको दायरामा ल्याएर पीडितलाई न्याय दिनुपर्ने बताए।

पत्रकार थापाको हत्या भएको १८ वर्ष पुगेको छ। साउन २७ गते हत्या भएको दिनलाई दैलेखका पत्रकारहरु स्मृतिमा विभिन्न कार्यक्रम गर्दै आएका छन्।

कार्यक्रममा नारायण नगरका मेयर लोमन शर्मा, भगवतीमाई गाउँपालिकाका उपाध्यक्ष मिना कुमारी खड्का, कांग्रेस नेता यामबहादुर मल्ल, नेकपा एसका नेता मायाराम अधिकारी, गैसस महासंघका अध्यक्ष महारुप खत्री प्रेस चौतारी नेपाल दैलेखका जिल्ला अध्यक्ष पुस्कर थापा, पत्रकारहरु विशाल सुनार, अविषेक अनुराग लगायतले स्वर्गीय पत्रकार थापाको योगदानको चर्चा गरेका थिए।

### गठबन्धनमा...

थापा बादल चुनाव नलड्ने मनसायमा रहेको एक नेता बताउँछन्।

पदाधिकारी मध्ये उपमहासचिव विष्णु रिमाल त यसअघि पनि चुनाव लड्ने गरेका थिएनन्। यसपटक झनै प्रतिकुल परिस्थिति रहेकाले उनी चुनाव नलड्ने मनसायमा छन्। चुनाव नै नजितेपनि लगातार लाभको पद पाएकाले पनि उनी यसपटक जोखिम उठाउन तयार छैनन्।

### न्यायको...

म्याच गराउनुपर्ने माग राख्दै आएकी छिन्। जनकपुर उच्च अदालतमा दिएको पुनरावेदनको पेसी चाँडो तोक्न उनले आग्रह गर्दै आएकी छिन्। तर, उनको मुद्धाको पेसी सरेको सरेकै गरेपछि उनी विवश भएर राज्यलाई दबाव दिन आत्मदाह गर्ने अवस्थामै आईपुगेकी छिन्। तर, यसमा न सरकारले चासो देखाएको छ न त कुनै महिलावादी संस्थाहरुले। तसर्थ पनि उनी न्यायका लागि एक्लै चिच्याउँदै, कराउँदै विभिन्न स्थानमा गएर अनशन बस्दै आएकी छिन्।

तर, उनलाई कानूनी ज्ञानको अभाव हुँदा भने उनले सुरुमा ती आरोपीलाई श्रीमान भनेकी छिन्। पछि भने ती व्यक्ति श्रीमान नभएर बलात्कारी भएको र निवेदनमा गरिएको हस्ताक्षर फर्जी भएको उनको भनाई छ। उक्त आरोपित व्यक्तिले आफूलाई बेहोस बनाएर बलात्कार गरेको हुँदा बच्चासँग उक्त व्यक्तिको डिएनए टेस्ट गराउनुपर्ने उनको माग छ।

आफूमाथि भएको अन्यायका विरुद्ध कहिले अनशन बसेर, कहिले धर्ना त कहिले आत्मदाहको प्रयास गरेकी निहारिका राजपूतको भविष्यमाथि राज्यले गरेको वेवास्ताले उनको जीवन थप संकटमा पर्नसक्ने सम्भावना देखिएको छ। न्यायको खोजीमा जनकपुर देखि काठमाडौंका गल्ली गल्ली धाईरहेकी निहारिकालाई सरकारले छिटो न्याय दिनुको विकल्प देखिदैंन।

### वैदेशिक...

नपरुञ्जेलसम्म काम गर्ने गरेको चौधरीले बताए। फार्ममा उनीसँगै उनकी श्रीमती र घरका अन्य सदस्यलेसमेत साथ दिँदै आएका छन्। कोरोना संक्रमण फैलिएपछि बजार नपाउँदा फार्ममा पालिएका पशुपक्षी घाटा खाएर बेच्नु परेको दुःखेसो चौधरीको थियो। 'कोरोनाका कारण व्यवसाय नै थला पऱ्यो,' उनले भने, 'लगानी आधा डुब्यो। कोरोनाको संक्रमण घटेसँगै हाल व्यवसायले गति लिन थालेको छ।'

अझै व्यवसायलाई विस्तार गर्ने चौधरीको सोच छ। त्यसका लागि लगानी जुटाउन विभिन्न बैंकमा पुगेपनि ऋण भने पाउन कठिन भएको छ। 'बैंकले आर्थिक मन्दिका कारण ऋण दिन बन्द गरेका छन्,' उनले भने, 'ऋण पाइए व्यवसायलाई विस्तार गरी नगरपालिकामै नमूना पशुपक्षी फार्म सञ्चालन गर्ने योजना छ।' सरकारी अनुदानसमेत चौधरीले हालसम्म पाउन सकेका छैनन्।

### राजदूत...

सेवा शुरूवात गरेका छन्। साउदी अरबमा कार्यभार सम्हाल्न जानुअघि उनले नेपालमा सबै पक्षभन्दा मजदुर संगठनका नेताहरूसँग बाक्लो छलफल गरेकोले उनको दृष्टिकोण मजदुरको हितमा मात्र 'एकपक्षीय' हुनसक्ने कतिपयले चिन्ता व्यक्त गरेका छन्।

### आन्तरिक...

तुलाधर, प्रकाश ज्वाला र विजय पौडेल रहेको समिति गठन गरेको छ।

टिकट वितरणको मापदण्ड र विधि बनाउने जिम्मेवारी महासचिव बेदुराम भुसाललाई दिइएको छ। अर्का सत्तारुढ दल नेकपा माओवादी केन्द्रभित्र पनि चुनाव केन्द्रीत गतिविधि शुरु भइसकेको छ। तर निर्णय चाहिँ गरेको छैन। जनता समाजवादी पार्टी (जसपा) मा विभाजन भएकाले औपचारिक बैठक नबसेपनि तयारी भइरहेको नेताहरुले बताएका छन्।

प्रमुख विपक्षी दल नेकपा एमालेले पनि चुनावी तयारी अगाडि बढाएको छ। बिहीबार केन्द्रीय कार्यालय च्यासलमा सचिवालय बैठक राखेर निर्वाचन परिचालन समिति नै गठन गरिसकेको छ। अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा जम्बो निर्वाचन परिचालन समिति गठन गरेको हो। यो समितिमा केन्द्रीय सदस्यहरु, प्रदेशका पदाधिकारी, केन्द्रीय निकायका पदाधिकारी, जनसंगठनका अध्यक्ष र महासचिव, विभागका सचिवहरु रहनेछन्। ओली सहित आठ पदाधिकारी रहेको चुनावी घोषणापत्र मस्यौदा समिति गठन पनि गरेको छ।

# सभामुख र चिनियाँ राजदूतबीच भेटवार्ता



**काठमाडौं/मस-** सभामुख अग्निप्रसाद सापकोटासँग नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले शिष्टाचार भेट गरेकी छिन्। उनीहरुबीच सभामुखको सरकारी निवास लैनचौरमा शुक्रबार बिहान भेटवार्ता भएको हो। भेट दुई देशबीचको सम्बन्ध, आपसी हित र चासोका विषयमा केन्द्रित रहेको थियो।


सभामुख सापकोटाले हालैको दशकमा चीनले गरिबी निवारणमा हासिल गरेको उपलब्धि, कोभिड महामारी नियन्त्रणमा लिएको पहलकदमी, छिमेक नीति र अन्तर्राष्ट्रिय कूटनीतिमा चीनको परिपक्वताको प्रशंसा गरेका थिए।

सभामुख सापकोटाले नेपाल एक चीन नीतिमा सदैव प्रतिबद्ध रहेको स्पष्ट गर्दै नेपाली भूमि छिमेकी राष्ट्रविरुद्ध प्रयोग हुन नदिने विषयमा नेपाल सधैं चनाखो र सचेत रहेको बताए। उनले संयुक्त राष्ट्रसङ्घको वडापत्र तथा पञ्चशीलको सिद्धान्तअनुरुप कुनै पनि मुलुकको सार्वभौमिकता र आन्तरिक मामिलामा अहस्तक्षेपको नीतिको सबैले सम्मान गर्नुपर्ने धारणा व्यक्त गरे। सभामुख सापकोटाले २०७८ चैतमा चीनको राष्ट्रिय जनकंग्रेसका महामहिम अध्यक्ष लि चाङ्सुसँग भर्चुअल छलफल भएको स्मरण गर्दै संसदीय मैत्री समूह, संसद्-संसद्बीच उच्चस्तरीय भ्रमण एवं अनुभव आदानप्रदान गरी सम्बन्धलाई अझ विस्तार र सुदृढ गर्न सकिने धारणा राखे।

सभामुख सापकोटाले नेपालको आर्थिक-सामाजिक क्षेत्रमा चीनको निरन्तर सहयोगका साथै कोभिड-१९ र ठूला प्राकृतिक विपत्तिमा नेपाललाई प्राप्त भइरहेको सहायताका लागि धन्यवाद दिए। उनीहरुबीच दुई देशबीचका व्यापारिक नाका सञ्चालन गराउने सम्बन्धमा पनि छलफल भएको थियो।

भेटमा राजदूत होउ यान्छीले नेपाल, चीनको असल छिमेकी रहेको बताउँदै एक चीन नीतिप्रति नेपालको प्रतिबद्धताको उच्च प्रशंसा गरिन्। नेपालको स्वतन्त्रता, सार्वभौमिकता र राष्ट्रिय अखण्डताका पक्षमा चीनले सदैव दृढ समर्थन गर्दै आएको उनले बताइन्। राजदूत होउले आगामी दिनमा पनि नेपालको विकास र समृद्धिमा चीनको निरन्तर साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरिन्।

# सुक्खा पहिरोले हेलम्बुको ११ घर जोखिममा



**देवराज सुवेदी/मध्यान्ह**
मेलम्ची, २७ साउन

सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका-५ उर्लेनीमा सुक्खा पहिरो जाँदा ११ घर उच्च जोखिममा परेको छ। पहिरोले ११ घर परिवारलाई विस्थापित बनाएको छ भने अन्य धेरै घरहरु पनि जोखिममा छन्। उर्लेनीको बिसौनीबाट साप्रे जाने बाटोमा पाँच सय मिटर जति लामो पहिरो खसेको हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले जानकारी दिए।

अहिले तत्कालका लागि विस्थापितहरुलाई १० वटा पाल गाउँपालिकाले उपलब्ध गराएको छ। पहिरो गएपछि सो स्थानको अवलोकनका लागि जिल्लाका तीन वटै सुरक्षा निकायको टोली पुगेको छ। पहिरोले मेलम्ची नगरपालिका र हेलम्बु गाउँपालिकाको सीमामा रहेको तालामाराङ खोला थुनिन सक्ने जोखिम देखिएपछि तालामाराङ बजार क्षेत्रमा रहेका स्थानीयवासीलाई आवश्यक सतर्कता अपनाउन प्रहरीले आग्रह गरेको छ।

# भाषा आयोगको लापरबाहीः जुम्ली खस भाषाको अभिलेख नै छैन

**जुम्ला/रासस-** खस भाषाको जन्मथलो जुम्लाको सिञ्जा उपत्यकालाई मानिन्छ। भाषा क्षेत्रमा काम गर्नेका लागि भनेर नेपाल सरकारले एक राष्ट्रिय भाषा आयोग पनि स्थापना गरेको छ। तर सो भाषा आयोगको लापरबाहीले जुम्ली खस भाषाको अभिलेख छैन।

खस भाषा नेपाली भाषाको माउभाषा भनेर पनि चिनिन्छ। जुम्लालगायत कर्णालीमा खस भाषा अहिले पनि बोलिन्छ। भाषा आयोगले खस भाषालाई आधिकारिकता दिएको छैन। यो भाषामा भाषा आयोग वा अरू कुनै सरकारी निकायले शब्दकोश बनाएको पाइँदैन। संविधानले नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रभाषा भनेको छ। नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानूनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने संविधानमा उल्लेख छ। भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुने गरेको छ।

खस भाषाका जानकार चन्दननाथ नगरपालिका आचार्यबाडाका स्थानीयवासी रमानन्द आचार्यले डेढ दशकभन्दा बढी समयदेखि सङ्कलन तथा लेखन गरी करिब ३५ हजार खस भाषा शब्दको खसिया आखर नेपाली भाषाको केन्द्रीय भाषिकाको शब्दकोश तयार गरिरहेका छन्। आचार्यका अनुसार नेपाली भाषाको माउभाषा भएकाले यसको मौलिकता बचाउनुपर्छ, जसले गर्दा नेपाली भाषा समृद्ध बन्छ। भाषा जहिले पनि अग्रगामी हुने गरेको छ। तर स्थानीय जनजीवनले बोल्दै व्यवहारमा राखेका भाषाको अभिलेखीकरण जरुरी रहेको खस भाषाका जानकार आचार्यले जानकारी दिए। नेपाली भाषाको माउ खस भाषालाई राष्ट्रिय भाषा आयोगले आधिकारिकता नदिएको जुम्लाको सिञ्जा गाउँपालिकाका अध्यक्ष पूर्णप्रसाद धितालले बताए।

'भाषा आयोगका अध्यक्ष लवदेव अवस्थीसहित आयोगका पदाधिकारी र कर्मचारीसँग छलफल गरेर खस भाषाको आधिकारिकता अभिलेखीकरण गर्न माग गरेका छौं', अध्यक्ष धितालले भने, 'खस भाषाको उत्थान र विकासका लागि सिञ्जा उपत्यकामा पर्ने तीन गाउँपालिका कनकासुन्दरी, सिञ्जा र हिमा गाउँपालिकासहित यहाँका अन्य पालिकाबीच छलफल गर्ने पनि योजना बनाएका छौं।' उनका अनुसार खस भाषाविज्ञ र विशेषज्ञहरूसँग समन्वय गर्नेदेखि भाषा आयोगले निर्धारण गरेका मानकहरूलाई स्वीकार गरी अभिलेखन गरिने छ। खस भाषा र साहित्यका लेखक, कवि कलाकारहरूको पहिचान, कदर र प्रोत्साहन गरिने अध्यक्ष धितालले जानकारी दिए।

# अन्तर कलेज वतृत्वकला प्रतियोगिता सम्पन्न

**काठमाडौं/मस-** नेत्रहिन युवा संघ नेपालले अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा अन्तर कलेज वतृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ। प्रतियोगितामा कान्तिपुर इन्टरनेश्नल कलेज विराटनगरकी छात्रा कृपा करुणा पोखरेल प्रथम भएकी छन्।

राजनीतिमा युवा, समावेशीता राजनीति र अपाङ्गता, मेरो भोट मेरो भविष्य भन्ने विषयमा भएको वतृत्वकला १५ प्रतिस्प्रर्धीलाई पछि पार्दै पोखरेल विजयी भएकी हुन्।

हाइब्रिड (भौतिक तथा अनलाइन) माध्ययमद्वारा सम्पन्न भएको प्रतियोगितमा ९३ प्रतिस्पर्धीबाट १५ जनालाई




अन्तिम प्रतिस्पर्धामा सहभागिता जनाएका थिए। देशभरीबाट भएको प्रतियोगितामा १५ जना विद्यार्थीहरु सहभागी थिए। काठमाडौं युनिर्भसीटीका सन्दीप थापा द्वितीय, जया मल्टीपल कलेजका सुग्यानी वि.क. वीरेन्द्र तृतीय भएका थिए भने नेश्नल कलेज धुम्बरीका सौगात वाग्ले, मेहेन्द्र मल्टीपल कलेजकी छात्रा बिनिता मुल्ली सतारले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए। वतृत्वकलाको निर्णायक मण्डलमा बबिता बस्नेत, धिरेन्द्र प्रेमर्षी, रमेश प्रसाईं रहेका थिए।

प्रथम, द्वितीय र तृतीय हुनेले क्रमश नगद रु १५ हजार, १० हजार र ५ हजार सान्तना पुरस्कारलाई २ हजारसँगै पुस्तक र प्रमाणपत्र प्रदान गरिएको थियो।

त्यस्तै प्रतियोगितामा सहभागी सबैलाई प्रमाणपत्र र पुस्तक प्रदान गरिएको थियो। नेपाल नेत्रहिन युवा संघका अध्यक्ष कलानिधि भण्डारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन नेत्रहिन युवा संघका महासचिव राम गरैले गरेका थिए।

## रोल्पा अमेरिका समाजको दोस्रो अधिवेशन सम्पन्न



न्यूयोर्क/मस- रोल्पा अमेरिका समाजको दोस्रो अधिवेशन सम्पन्न भएको छ। 'सम्पूर्ण अमेरिकावासी रोल्पालीहरु एक होऔं' भन्ने मुल नाराका साथ सन् २०२० मा स्थापित समाजको दोस्रो अधिवेशन अगष्ट ९ मा अमेरिकाको न्यूयोर्कस्थित फ्लसिङ मिडोज् कोरोना पार्कमा सम्पन्न भएको हो ।

अधिवेशनले टिकबहादुर थापाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ। दोस्रो अधिवेशनले २ वर्षे कार्यकालका लागि थापाको अध्यक्षतामा पदाधिकारी तथा सल्लाहकार चयन गरेको हो ।

समाजको वरिष्ठ उपाध्यक्षमा राजु घर्ती, उपाध्यक्षमा हिकमत बुढा मगर, महिला उपाध्यक्षमा सारिन्दा श्रेष्ठ चयन भएका छन् । यस्तै समाजको महासचिवमा आकाश घर्ती क्षेत्री चयन भएका छन् भने कमल रोका सचिव, मनोज बुढा मगर कोषाध्यक्ष र आस घर्ती मगर सह-कोषाध्यक्ष चयन भएका छन् । समाजको वरिष्ठ सल्लाहकारमा भूप नारायण घर्ती मगर चयन भएका छन् ।


यस्तै समाजको सदस्यहरुमा युवराज केसी, सुरेश बाठाँ मगर, दलपुर्ण रोका, जकेन्द्र बुढा मगर, सरोज बुढा मगर, सुकमान रोका मगर, टेजिना श्रेष्ठ, जुनमाया बुढा मगर, गायत्री बिष्ट थापा, युनान पुन मगर, गणेश हमाल, भरत पुन, अबिनाश घले गुरुङ, दिपक घर्ती मगर, बसन्त बुढा मगर, प्रकाश पुन र कल्पना बिष्ट रहेका छन् ।

कोरोना महामारीको समयमा विभिन्न सामाजिक कार्यमा सक्रिय उक्त समाजमा करिब एक सय सदस्य पुगेका छन् । समाजले आफ्नो गृह जिल्ला रोल्पाको विकास निर्माणका लागि के गर्न सकिन्छ भन्ने बारेमा सोच बनाइरहेको समाजका नवनिर्वाचित अध्यक्ष थापाले बताए ।

# कोरोना संक्रिय संक्रमितको संख्या बढ्दो

## २७ दिनमा ३२ को मृत्यु, अधिकांश खोप नलगाएका

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ साउन



नेपालमा कोरोना संक्रमणको चौथो लहर शुरु भएसँगै मृत्यु हुनेको संख्या पनि बढ्दै गएको पाइएको छ ।

कोरोनाबाट पछिल्लो २७ दिनमा ३२ जनाको मृत्यु भइसकेको छ ।

साउन १ गतेदेखि २७ गतेसम्म ३२ जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

वैशाख २१ गते कोरोना संक्रमणबाट मृत्यु भएकोमा त्यसको ७३ दिनपछि साउन १ गते कोरोना संक्रमणबाट १ जना संक्रमितको मृत्यु भएको थियो। साउन २६ गते सबैभन्दा धेरै ५ जनाको मृत्यु भएको छ ।

मन्त्रालयका प्रवक्ता डा. समीरकुमार अधिकारीका अनुसार कोरोना संक्रमणबाट मृत्यु भएका अधिकांश व्यक्तिहरु दीर्घरोगी, ज्येष्ठ नागरिक र खोप नलगाएका व्यक्ति रहेका छन् ।

उनले भने, 'मृत्यु हुनेमध्ये ६ जनाले मात्र खोप लगाएको पाइएको छ । एक जना २१ वर्षीय र अरु ५० वर्ष माथिका हुनुहुन्छ ।'

नेपालमा हालसम्म कुल जनसंख्याको २ करोड ९१ लाख ९२ हजार ४८० मध्ये ७५.१ प्रतिशतले एक मात्रा र ७०.७ प्रतिशतले पूर्ण मात्राको खोप लगाएका छन् । त्यसैगरी लक्षित जनसंख्या १२ वर्ष माथिका २ करोड ३३ लाख २७ हजार ६१९ मध्ये ९३.९ प्रतिशतले एक मात्रा र ८८.५ प्रतिशतले पूर्ण मात्राको खोप लगाएका छन् । बुस्टर मात्राको खोप भने ७४ लाख ११ हजार ८८९ जनाले लगाएका छन् ।

यसैबीच शनिबार देशभर ७८१ जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ । सो अवधिमा चार हजार सात सय १२ जनाको नमूना परीक्षण गरिएको थियो । दुई हजार दुई सय ९० जनाले पिसीआर र दुई हजार चार सय २२ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

यस अवधिमा पाँच सय ११ जना कोरोना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ७४ हजार आठ सय छ पुगेको छ। सङ्क्रमणमुक्त हुने दर ९८ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय सङ्क्रमितको संख्या पाँच हजार सात सय ७५ रहेको छ । होम आइसोलेशनमा पाँच हजार पाँच सय ६५, संस्थागत आइसोलेसनमा दुई सय १०, आइसीयू ६३ र भेन्टिलेटरमा आठ सङ्क्रमित रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौँ र ललितपुर रहेका छन् भने दुई सयभन्दा बढी सङ्क्रमित रहेका जिल्लामा मोरङ रहेको छ। शून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, कालिकोट र हुम्ला छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा दुई हजार आठ सय ६४, ललितपुर आठ सय ९३ र भक्तपुरमा ८८ सक्रिय सङ्क्रमित रहेका छन् । कुल सङ्क्रमण दर १७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

५० जिल्लाका बालबालिकालाई खोप

सरकारले भदौ ५ गतेदेखि दोस्रो चरणअन्तर्गत बाँकी रहेका ५० जिल्लाका बालबालिकालाई लक्षित गरेर खोप अभियान शुरु गर्ने भएको छ। मन्त्रालयका अनुसार ५० जिल्लाका ५ देखि १२ वर्षमुनिका बालबालिकालाई लक्षित गरेर खोप अभियान शुरु हुने भएको हो । मन्त्रालयले भदौ ५ देखि ११ गतेसम्म पहिलो र भदौ २७ देखि असोज १ गतेसम्म दोस्रो मात्र खोप दिने जनाएको छ ।

प्रदेश १ का भोजपुर, धनकुटा, खोटाङ, ओखलढुङ्गा, पाँचथर, शंखुवासभा, सोलुखुम्बु, ताप्लेजुङ, तेहथुम र उदयपुरमा खोप सञ्चालन हुने छ । मधेश प्रदेशका बारा रौतहट, सर्लाही गरी तीन जिल्ला र बाग्मती प्रदेशका रामेछाप, दोलाख, धादिङ, नुवाकोट, रसुवा सिन्धुपाल्चोक गरी ६ जिल्लामा खोप अभियान सञ्चालन हुने छ ।

गण्डकी प्रदेशका बाग्लुङ, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, स्याङ्जा र तनहुँमा खोप अभियान सञ्चालन हुने मन्त्रालयले जनाएको छ ।

लुम्बिनी प्रदेशमा कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा, प्युठान, रोल्पा, पूर्वी रुकुम छन् भने कर्णली प्रदेशमा पश्चिम रुकुम, सल्यान, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, मुगु, दैलेख र जाजरकोटमा खोप लगाइने छ । सुदूरपश्चिम प्रदेशमा अछाम, डोटी, बाजुरा, बैतडी र दार्चुला जिल्लामा खोप अभियान सञ्चालन हुनेछ। बच्चालाई दिइने फाइजरको खोप सुरक्षित भएकाले ढुक्कासँग आफ्नो बच्चालाई खोप लगाउन मन्त्रालयले आग्रह गरेको छ ।

## विद्यालय र सामुदायिक भवनको शिलान्यास



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २७ साउन

सर्लाहीको बरहथवा नगरपालिकामा दुई सामुदायिक भवन (धर्मशाला) र धनकौल गाउँपालिकामा एक विद्यालय भवनको शिलान्यास गरिएको छ ।

मधेस प्रदेशका महिला, बालबालिका युवा तथा खेलकुद मन्त्री वीरेन्द्र प्रसाद सिंहले बरहथवा नगरपालिका वडा नं.१४ दियर टोल र वडा न.१५ हरपुर्वास्थित सरकारी जग्गामा सामुदायिक भवन(धर्मशाला) तथा धनकौल गाउँपालिका वडा न.२ स्थित श्री प्राथमिक विद्यालयको जग्गामा विद्यालय भवनको शिलान्यास गरेका हुन् ।

असोज मसान्तसम्ममा संचालन हुनेगरी महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयको बजेटबाट सरकारी जग्गामा २०-२० लाख रुपैयाँको लागतमा दुईवटा सार्वजनिक भवन (धर्मशाला) र मंसिर मसान्तसम्म संचालन हुनेगरी सोही मन्त्रालयको बजेटबाट विद्यालयको जग्गामा ६५ लाख रुपैयाँको लागतमा भवन निर्माण हुन लागेको मन्त्री सिंहका स्वकीय सचिव निकेश त्रिपाठीले जानकारी दिए ।

# स्थानीय पाठ्यक्रम लागू




नेपालगञ्ज/मस- बाँकेको राप्तीसोनारी गाउँपालिकाको ५४ विद्यालयमा आधारभूत तहको स्थानीय पाठ्यक्रम लागू भएको छ । पाठ्यक्रम निर्माण तथा लेखन समितिले तयार पारेको 'हाम्रो राप्तीसोनारी' नयाँ शैक्षिक सत्रदेखि लागू भएको गाउँपालिकाका अध्यक्ष तप्त पौडेलले जानकारी दिए । पालिकाभित्रका कक्षा १ देखि ८ सम्मका सबै विद्यालयमा स्थानीय पाठ्यक्रम लागू गरिएको उल्लेख गर्दै गाउँपालिकाका अध्यक्ष पौडेलले आफूहरु निर्वाचित हुनुअघि नै उक्त पाठ्यक्रम तयार भएकाले त्यसलाई लागू गरिएको बताए ।

'हाम्रो राप्तीसोनारी' पाठ्यक्रममा हाम्रा संस्कृति र सम्पदा, हाम्रो पेशा व्यवसाय र प्रविधि, हाम्रो वातावरण, हाम्रो राप्तीसोनारीको परिचय, खुसीका लागि शिक्षा, जीवनोपयोगी सीप र विपद् व्यवस्थापनसहित गाउँपालिकाको विशेषतालाई उच्च प्राथमिकता दिइएको अध्यक्ष पौडेल बताए ।

गत वैशाखमा पाठ्यक्रम विकास केन्द्रका पाठ्यक्रम विशेषज्ञ युवराज अधिकारी र शिक्षा केन्द्र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका पूर्वउपसचिव जितबहादुर शाहको प्राविधिक सहयोग तथा गाउँपालिका शिक्षा शाखाका प्रमुख जीवन न्यौपानेको संयोजकत्वमा ३० सदस्यीय समिति निर्माण भएको थियो । सो समितिले छ महिनाको अवधिमा पाठ्यक्रम तयार गरेको थियो ।

खास गरेर सात विषय समेटेर निर्माण गरिएको पाठ्यक्रम राप्तीसोनारीका सबै आधारभूत विद्यालयमा लागू गरिएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख जीवन न्यौपानेले जानकारी दिए । 'यो पाठ्यक्रम मात्रै हो तर हामी पाठ्यपुस्तकको पनि तयारी गरिरहेका छौँ', उनले भने । कक्षा, ६, ७ र ८ को लागि पाठ्यपुस्तक बनाउने र आधारभूत तहका लागि स्रोत पुस्तकको रुपमा रहने बताइएको छ ।

पाठ्यक्रमले मूलभूत रूपमा गाउँपालिका क्षेत्रको सेरोफेरोलाई समेटने प्रयास गरिएको उनले बताए । अध्यक्ष पौडेलले संविधानको मर्मअनुसार निर्माण भएको पाठ्यक्रम पाठ्यपुस्तकका रूपमा विद्यालयमा अध्ययन, अध्यापन शुरु गरिएको उल्लेख गर्दै स्थानीय आवश्यकतालाई केन्द्रीत गरी आधारभूत तहमा अध्ययनरत बालबालिकालाई आफ्नो सामाजिक तथा वातावरणीय परिवेशबारे ज्ञान र सीप प्रदान गर्ने यसको लक्ष्य रहेको उल्लेख गरे ।

पाठ्यक्रमले यस क्षेत्रको प्राकृतिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक तथा आर्थिक पक्षलाई समेटेको छ । स्थानीयस्तरका विषयवस्तु समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने उद्देश्यले तयार गरिएको स्थानीय शैक्षिक सामग्री नै स्थानीय पाठ्यक्रम हो ।

## थारु कल्याणकारिणी सभाका पदाधिकारीद्वारा सरकारसँग छलफल



काठमाडौं/मस- सरकार र थारु कल्याणकारिणी सभाका पदाधिकारीबीच छलफल भएको छ । गृहमन्त्री बालकृष्ण खाँणको उपस्थितिमा सिंहदरबारमा भएको छलफलमा सरकारका तर्फबाट खानेपानीमन्त्री उमाकान्त चौधरी, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा (कोइराला), महान्यायाधिवक्ता खम्बबहादुर खाती, लुम्बिनी प्रदेशका पर्यटन ग्रामीण तथा सहरी विकास मन्त्री डिल्लीबहादुर चौधरी र गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेल सहभागी थिए ।

कल्याणकारिणी सभाका तर्फबाट सभाका उपाध्यक्ष देवीप्रसाद चौधरी, महामन्त्री प्रेमीलाल चौधरी र केन्द्रीय सदस्यद्वय प्रभातकुमार चौधरी तथा रुकमिणी चौधरी सहभागी थिए । छलफलमा उक्त सभाले सरकारसँग प्रस्तुत गरिएको मागका सम्बन्धमा कुराकानी भएको थियो । समस्या समाधानका लागि दुवै पक्षले आ-आफ्नोतर्फबाट गृहकार्य गरेर पुनः बैठक बस्ने निष्कर्षसहित शुक्रबारको बैठक सकिएको गृह मन्त्रालयका प्रवक्ता फणिण्द्रमणि पोखरेलले जानकारी दिए ।

# राष्ट्रपति भण्डारीलाई ब्रह्माकुमारी राजयोग सेवा केन्द्रद्वारा रक्षा बन्धन



**काठमाडौं/मस-** ब्रह्माकुमारी राजयोग सेवा केन्द्र काठमाडौंले रक्षाबन्धन कार्यक्रम अन्तर्गत शनिबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई रक्षा बन्धन लगाइदिएको छ ।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्रका निर्देशक राजयोगिनी ब्रह्माकुमारी राज दिदीद्वारा पवित्रता र रक्षाको सूचक राखी बाँध्ने कार्य सम्पन्न भएको हो ।


राष्ट्रपति भण्डारीले रक्षाबन्धनको पावन पर्वमा सबैको सुख, समृद्धि र शान्तिको कामना गर्दै यस क्षेत्रमा ब्रह्माकुमारी अभियानले गरिरहेको असल कार्यको लागि धन्यवाद व्यक्त गरेकी थिइन् । सो अवसरमा समाजसेवी दिलप्रसाद पोखेलगायतको टोली सहभागी भएको थियो ।

यसैगरी केन्द्रले सभामुख अग्निप्रसाद सापकोटालाई पनि रक्षाबन्धन गर्ने कार्य सम्पन्न गरेको छ । सो अवसरमा सभामुख सापकोटाले शान्तिका लागि ब्रह्माकुमारी संस्थाले पुऱ्याएको योगदान अत्यन्त सह्रानीय रहेको बताए । यस संस्थाले स्कूल तथा कलेजका विद्यार्थीहरुलाई नैतिक शिक्षा प्रदान गरी उनीहरुका आचारण संस्कारलाई अनुशासित र सभ्य बनाउने पक्षमा आफ्ना कार्यक्रमहरु संचालन गरी सहयोग गरेको भन्दै सभामुख सापकोटाले शुभकामना समेत व्यक्त गरे ।

यसैगरी ब्रम्हाकुमारी कुसम बहिनी तथा ब्रह्माकुमारी मेनुका बहिनीद्वारा संचार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्र बहादुर कार्की, अर्थमन्त्री जनार्दन शर्मा, कानून न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द बन्दी, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेल, भूमि सुधार व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठ, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री उमा रेग्मी, बन तथा वातावरण मन्त्री प्रदीप यादव, कृषि तथा पशुपंक्षी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्र प्रसाद बडु, युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराज र स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री हिराचन्द्र केसी लगायतका अन्य राज्य मन्त्रीहरुलाई समेत रक्षा बन्धन बाँध्ने कार्य सम्पन्न गरेको छ ।

यस्तै रक्षा बन्धनका अवसरमा ब्रम्हाकुमारी राजयोग सेवा नेपालका निर्देशक राजयोगिनी तपस्विनी ब्रह्माकुमारी राज दिदी तथा अन्य ब्रह्माकुमारी दिदी बहिनीहरुद्वारा रक्षाबन्धन बाँध्नुको साथै सबैको सुख, समृद्धि र कल्याणको शुभकामना समेत व्यक्त गरेका छन् ।

# धनुषामा १२ हजार मतदाता थपिए




जनकपुरधाम/मस- गत वैशाखमा भएको स्थानीय निर्वाचन तहको निर्वाचनपछि धनुषामा १२ हजार १७ नयाँ मतदाता थपिएका छन् । जनकपुरधामस्थित निर्वाचन अयोगका प्रदेश कार्यालयका अनुसार जिल्लामा ६ हजार ९९८ पुरुष र ५ हजार १९ जना महिला गरि १२ हजार १७ नयाँ मतदाता थपिएका हुन् । थप गरिएको मतदातामध्ये ४५० जना अन्य जिल्लाका मतदाता रहेको प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी कृष्ण राउतले जानकारी दिए । बाहिर जिल्लाका ४५० मतदातामध्ये ३१२ पुरुष र १३८ महिला रहेका छन् ।

गत ३० वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनसम्म धनुषामा ४ लाख ६७ हजार ३८८ मतदाता रहेका थिए । स्थानीय तहको निर्वाचनपछि जिल्लामा फोटोसहितको मतादाता नामावली बन्द गरिएको थियो । त्यसपछि गत १ असारदेखि पुन नयाँ मतादाता नामावली संकलन गरिएको थियो ।

अहिले संघ र प्रदेशको निर्वाचनको मिति घोषणा भएपछि पुनः मतादाताको नामावली संकलन कार्य बन्द भएको उनले बताए । जिल्ला प्रशासन कार्यालय, जिल्ला निर्वाचन कार्यालय र इलाका प्रशासन कार्यालय यदुकोहामा गरी तीन स्थानमा नामावली संकलन गरिएको थियो ।

जिल्ला प्रशासन कार्यालयमा २ हजार ५३९ पुरुष र १ हजार ४७४ महिला गरी कूल ४ हजार १३ , जिल्ला निर्वाचन कार्यालयमा ३ हजार ११८ पुरुष र २ हजार ६७७ महिला गरी कूल ५ हजार ७९५ र इलाका प्रशासन कार्यालय यदुकोहामा १ हजार ३४१ पुरुष र १ हजार ४५ महिला गरी २ हजार ३८६ नयाँ मतदाता थपिएका हुन् । जिल्लामा १२ हजार १७ मतादाता सख्या थपिए पनि कुल मतादाताको संख्या आयोगले रुजु गरेपछि मात्रै एकिन हुने अधिकारी राउतले बताए ।

बागमती प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास कार्यालय**
ललितपुर, बागमती प्रदेश, नेपाल

**बागमती प्युटार पुल (९० मि.) निर्माण आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना**

**प्रकाशन मितिः २०७९/०४/२७**

बागमती प्रदेशको ललितपुर जिल्ला, बागमती गाउँपालिकामा श्री पूर्वाधार विकास कार्यालयद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्री पूर्वाधार विकास कार्यालय, ललितपुर<br>फोन नं. :०१–५५५१६३७, इ-मेल : idolalitpur@bagmati.gov.np<br>वेबसाइट : www.idolalitpur.bagmati.gov.np |
| **प्रस्तावको व्यहोरा** | ९० मि. लम्वाईको पुल निर्माण |
| **प्रभाव पार्न सक्ने क्षेत्र** | ललितपुर जिल्लाको बागमती गाउँपालिका वडा नं. ४<br>मकवानपुर जिल्लाको बकैया गाउँपालिका वडा नं. १० |

माथि उल्लिखित प्रस्तावको कार्यान्वयनबाट आयोजना क्षेत्रको भौतिक, रासायनिक जैविक, सामाजिक, सांस्कृतिक र आर्थिक प्रणालीहरुमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न प्रस्तावकले संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु परेकोमा उक्त प्रतिवेदन तयारीको सिलसिलमा आयोजना क्षेत्रका स्थानीय समुदाय तथा आयोजना निर्माण हुने स्थानीय तहका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुलाई समेत सहभागी गराई सार्वजनिक सुनुवाई गर्नु पर्ने भएकोले यस प्रस्तावसंग सरोकार राख्ने सम्पूर्णलाई निम्न मिति, समय र स्थानमा उपस्थिति हुन अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

| मिति | समय | स्थान |
|---|---|---|
| २०७९/०४/३० गते सोमबार | दिउँसो १ बजे | बागमती आधारभूत विद्यालय, बागमती गा.पा.–४ |
| | बेलुका ५ बजे | घैटार बेसी, बकैया गा.पा.–१० |

## घुमफिर

# आहा ! कमल दह

बर्खायाम चारैतिर हरियो डाँडाकाँडाको बिचमा सौन्दर्य दृश्य आहा कमल दह ! मध्यपहाडी लोकमार्गको छेउमै मुस्कुराई रहेको यो दहमा विशेषगरी असारदेखि कार्तिकसम्म बाह्य तथा आन्तरिक पर्यटको भीड बढ्छ ।



■ अर्जुन बिष्ट

ग्रामीण जीवनको लोभलाग्दो रहनसहनमा हुर्किएको कमलदह प्रकृतिको एक देन हो। सुन्दर उपहार हो। जहाँ सानो गाउँ, सांस्कृतिक वैभव र सुन्दरताको खानी छ ।

नेपालको कान्छो जिल्लाको रूपमा चिनिने रुकुम पूर्व प्रकृतिप्रेमी पर्यटकका लागि रमणीय मानिन्छ । रुकुम लुम्बिनी प्रदेशको यो एक मात्र हिमाली जिल्ला हो । १ हजार ६६३ वर्ग किलोमिटरमा फैलिएको यो जिल्ला २०७४ सालदेखि नेपाल सरकारको राज्य पुनः संरचनाको क्रममा प्रशासनिकरूपमा रुकुम पूर्व हुन पुग्यो । पूर्वमा बाग्लुङ र म्याग्दी र पश्चिममा रुकुम पश्चिमसँग सिमाना जोडिएको यो जिल्ला आन्तरिक तथा बाह्य पर्यटकको लागि सुन्दर गन्तव्यका रूपमा चिनिन्छ। यस जिल्लामा विभिन्न जातजाति, भेषभूषा, भाषा, संस्कृति, चाडपर्व र धार्मिक विविधता रहेको छ। जिल्लामा तीन स्थानीय तह (सिस्ने गाउँपालिका, भुमे गाउँपालिका र पुथाउत्तरगंगा गाउँपालिका) रहेका छन्। मौसमअनुसारको सुन्दरताको लाभ लिन सकिने रुकुम पूर्वमा मंसिर, पुस, माघ, फागुनसम्म हिउँले ढाकिएर थप सुन्दर देखिन्छ ।

चारैतिर हरियाली डाँडाकाँडा र मिलेको बस्तीले यहाँ आउने जोकोहीको मन लोभ्याउने गर्छ । पुथा हिमाल, सिस्ने हिमाल, कमल दह, तकसेरा गाउँ, लुकुम गाउँ, राङ्सी गाउँ, कोल गाउँ, हुकाम गाउँ, मैकोट गाउँ, रुकुमकोट र मगर बस्तीहरु यहाँका मुख्य आकर्षणका रूपमा रहेका छन् । रुकुमकोटमा रहेको कमल दहले जिल्लाको थप सुन्दरता थपेको छ । रुकुम पूर्वको सिस्ने गाउँपालिका वडा नम्बर-५ रुकुमकोटमा रहेको कमल दह करिब २ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ । पछिल्लो समयमा कमल दहलाई पर्यटकीय स्थलको स्वरूपमा संरक्षण र प्रवर्द्धन गरेपछि कमल दह आकर्षक पर्यटकीय गन्तव्य बनेको छ। दह आसपासमा सरसफाइ र घेराबारले आकर्षक केन्द्रको रूपमा रुकुमकोटको कमल दहले काचुली फेरेको छ। बाउन्न पोखरी त्रिपन्न टाकुरीका नामले परिचित रुकुम जिल्लाका विभिन्न तालहरूमध्ये आफ्नै पहिचान र विशेषता बोकेको कमल दह एक हो । यसको आफ्नै विशेषता रहेको छ ।

दन्तेलहरमा मिलेको रुकुमकोटको शीरमा कमलदह र तलतिर कलकल बग्ने सानीभेरीले मनै प्रफुल्ल बनाउँछन् । कमल दह सुन्दर र मनमोहक त छ नै यो दहमा नेपालमा पाइने कमलमध्ये सबैभन्दा राम्रो कमल पाइन्छ । वर्षातको समयमा फुलेर सौन्दर्य बढाउँदै आफ्नो बास्ना विश्वसामु छर्न जति आतुर छ, कमलको फुल त्यति नै पर्यटकलाई स्वागत गर्न आतुर छ। यतिबेला कमल दह वरिपरि ढकमक्क फुलेको कमलको फूलले साँच्चै मनलाई एक किसिमको सन्तुष्टि दिन्छ । कतै कोपिला, कतै फक्रँदै गरेको फूल त, कतै ढकमक्क फुलेको फूलले कमलदहको सौन्दर्यलाई थप उचाइमा पुऱ्याएको छ। नेपालको नक्सा आकारमा बनेको यो दहको वरिपरि घुम्न करिब ३०-३५ मिनेट लाग्छ ।

दहको छेउमै रहेको सुन्दर घाँसे मैदानमा पुग्ने बित्तिकै पर्यटकको थकान मेटिन्छ। मन हल्का हुन्छ। घाँसे मैदानमा पल्टिएर थकान मार्दाको मज्जा बेग्लै ! प्राकृतिक, धार्मिक, सांस्कृतिक र जैविक विविधतापूर्ण कमलदहको सुन्दरताको बयान गरेर सकिन्न । यो





> चारैतिर हरियाली डाँडाकाँडा र मिलेको बस्तीले रुकुम आउने जोकोहीको मन लोभ्याउने गर्छ । पुथा हिमाल, सिस्ने हिमाल, कमल दह, तकसेरा गाउँ, लुकुम गाउँ, राङ्सी गाउँ, कोल गाउँ, हुकाम गाउँ, मैकोट गाउँ, रुकुमकोट र मगर बस्तीहरु यहाँका मुख्य आकर्षणका रूपमा रहेका छन् । रुकुमकोटमा रहेको कमल दहले जिल्लाको थप सुन्दरता थपेको छ ।

दह जैविक विविधताका हिसाबले महत्वपूर्ण छ। यहाँ जंगलमा थरिथरिका चरा र जीवजन्तुको बसोबास छ। जेठदेखि कात्तिकसम्म कमल फुल्छ। चैत, वैशाख महिनामा दहबाट कमल निकाल्ने गरिन्छ। स्थानीयले कमलको जरा र फल जण्डिस रोगको उपचारमा प्रयोग गर्छन्। जराको अचार पनि खाने गरिन्छ। रुकुम पुर्वका महत्वपूर्ण प्राकृतिक सम्पदाहरु मध्ये कमल दह पनि हो । यो दहमा नुहाएमा विभिन्न रोगहरू निको हुने जनविश्वास रहँदै आएको छ ।

यसको सौन्दर्य कमल दहमा मात्र सीमित छैन । यहाँबाट कान्जिरोवा हिमश्रृंखलाको सिस्ने हिमाल देख्न सकिन्छ हिउँदमा पानीमा तैरिरहेका जलपंक्षी र अग्ला पहाडको दृश्यले पर्यटकलाई थप आकर्षित गर्छ । पहाडको काखमा सुस्ताईरहेको निलो सफा स्वच्छ दह देख्दा जो कोहीलाई पनि स्वर्गको आभाष दिलाउँछ । पूर्वी मगर बस्तीको भेषभुषा, भाषा र धर्म संस्कृति पनि यहाँका चिनारी हुन् । गाउँ, पाखा र वन चहार्दै गाउँको रहनसहनमा डुबुल्कि मार्दै मौलिकतामा भिज्दा यहाँ आउने पर्यटकलाई सजिलै लोभ्याउँछ । यहाँबाट देखिने सुन्दर दृश्य कैद गर्न आगन्तुक लालयित हुन्छन् ।

कमलदहमा एकपटक घुमेर धित मर्दैन । कमल दहमा रमाउँदै सिस्ने हिमाल हेर्नुको मज्जा बेग्लै, ग्रामीण जिवनको लोभलाग्दो रहनसहनमा हुर्किएको कमलदह प्रकृतिको एक देन हो । सुन्दर उपहार हो । जहाँ सानो गाउँ, सांस्कृतिक वैभव र सुन्दरताको खानी छ ।

तत्कालीन नेकपा (माओवादी)ले सशस्त्र युद्ध सुरु गरेको रुकुममा प्राकृतिक सौन्दर्य अनगिन्ती छन । पुस-माघमा फुल्ने हिउँ, चैतमा फुल्ने लाँलीगुराँस, वर्खामा फुल्ने कमल र विभिन्न प्रजातीका चरचुरुङ्गीको समधुर आवाजले मोहनी लगाउँछ । प्राकृतिक सौन्दर्यले भरिएको कमलदहको कुनामा बराह मन्दिर छ । भने यसको किनारमा बाहुनठाना र टाकुरा गाउँ छन् । बाहुन, ठकुरी, क्षेत्री र दलित समुदायको बसोबास रहेको यो क्षेत्र सुन्दर मात्रै होइन ऐतिहासिक पनि छ । बाह्रै महिना पानी हुने तर, मुहान पनि नदेखिने, पानी पनि नबग्ने यो दहको एउटा फरक किसिमको विशेषता छ । कमल दहको पानी सफा छ तर, यो कतै बग्दैन । यो दहमा डुंगा सयर गर्न पाइँदैन । जेठ महिनाको पहिलो सातादेखि पलाउन सुरु गरेको कमल साउनबाट फुल्न सुरु गर्छ। यो समयमा कमलको बोट फुलेकाले यहाँको दृश्य थप मनमोहक बनेको छ । बर्खायाम चारैतिर हरियो डाँडाकाँडाको बिचमा सौन्दर्य दृश्य आहा कमल दह ! मध्यपहाडी लोकमार्गको छेउमै मुस्कुराई रहेको यो दहमा विशेषगरी असारदेखि कार्तिकसम्म बाह्य तथा आन्तरिक पर्यटको भिड बढ्छ ।

परम्परागतरूपमा दह छेउमा हरेक वर्ष शिवरात्रि, चैते दशैं, हरितालिका तिज र दशैंमा पुजापाठ र सांस्कृतिक कार्यक्रमसहित मेला लाग्ने गर्छ । बाह्रै महिना कमलको फुल र जलले भरिएको दह "कमल दह" लुम्बिनी प्रदेशको एक पौराणिक, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थल हो । कमल दहमा रहेको पानीमुनीको कमल यहाँको मुख्य आकर्षण मानिन्छ । कमलको खानी नै यही दहमा छ । पुरानो रुकुमको सदरमुकाम मुसिकोटदेखि पूर्वमा अवस्थित कमल दह प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको ठाउँको रूपमा लिइन्छ। संरक्षणको पर्खाइमा रहेको कमलदहको स्थानीय तहले पछिल्लो समयमा संरक्षणका लागी दहको वरीपरी पर्खालहरु निर्माण र प्रतिक्षालयको व्यवस्था गरेको छ। पहाडको काखमा अवस्थित सुन्दर कमल दहलाई अझै थप व्यस्थित र प्रचारप्रसार गरी पर्यटक तान्न सके कमल दह क्षेत्रको मात्र नभएर यो प्रदेशकै लागि बलियो आम्दानीको स्रोतको बन्न सक्छ ।

## कथा

धनराज गिरी



# अति भएपछि

प्रोफेसर ढुक्कनारायण चौधरी, प्रोफेसर जगमोहन आजाद, प्रोफेसर शहीदशरण पाठकोपाध्या, प्रोफेसर आनन्दकुमार गोस्वामी, प्रोफेसर सार्थकसफलनारायण पदमपुरे, प्रोफेसर प्रेमस्वरूप कमलोपाध्याय र केही बौद्धिक होइन, विवेकजीवीहरूको बैठक बस्यो जङ्गल सफारी लजमा, सौराहा । घोषणापत्र लेखे सुमित्रानन्दन जोगीमारे दामादश्रीले। व्यापक छलफल भयो । 'आजादपथ' नाम दिने घोषणा भयो । जिल्लाका सबै विचारकहरूको उपस्थिति थियो ।

"साथीहरू, अब अति भयो । जसरी फेसबुकमा यतैको एकजना जोगीले अति गरेको हुनाले तीन कमेन्ट र पाँच लाइक पनि आउन्न, त्यसैगरी हाम्रा तमाम समय अनायकहरूको ल्याकतले यो देशको भलो भएन । अति भयो । खति भयो । दुर्गति भयो । मेरो दिमागको रोडम्याप हो, प्रचण्डपथ भनेजस्तै, त्यो त पूरै फ्लाप भयो । सबै फ्लाप । हरेक रङ्ग फ्लाप । यो राप र तापबाट देशलाई न जोगाए पाप लाग्छ । जब जागा तब सबेरा ! यो कुइरेटकीय नगरीमा, मेरो एक योजना छ, सबैको कल्याण हुन्छ । पक्का हुन्छ । धेरै सोचेर आएको छु म । फिन्ली, अष्ट्रेलियामा मलाई पौने बुद्धत्व प्राप्त भयो । हामीले चाहेमा परिवर्तन सम्भव छ ।"

सबैले मुखामुख गरे । "गुरुदेवको योजनाले यहाँ धेरैको कल्याण भएको छ। योजना भन्न मिल्छ ?" चेली, आजादकी, लेडी गब्बरकी नायिका, गरिमा घिमिरे ।

"कुरा आए राम्रो !" उज्याला मान्छे, पर्वतनारायण उखानपुरे अघि सरे ।

"सरको योजना पक्कै पनि राम्रो हुनुपर्छ ।" नेपाली केशवप्रसाद रेग्मी परदेशी, पर्वतका दाजी अघि सरे । सबैको जिज्ञासा बुझेर आजाद अघि सऱ्यो । "यहाँ अनेक उत्तर आधुनिक म्यूजियम बन्ने छ । लीला हुनेछ । पाँच तले भवन, एनआरएनए सित कुरा भएको छ । सम्पूर्ण नेताहरूलाई यही भवनमा राखिने छ। उनीहरूको अकूत सम्पति कब्जा गरेर अक्षय कोष बनाइनेछ। व्यापक प्रचार प्रसार गरिनेछ । हात्तीको मूल्य मरेपछि लाख भनेजस्तै यी उपादेयता खत्तम भएका नेताजीहरू पर्यटनकालागि कच्चापदार्थ हुनेछन्। आन्तरिक र वाह्य पर्यटन मौलाउने छ । यो बृहत् योजना हो मुलुकको हितको लागि । अझ व्यापक छलफल हुनेछ । कार्यपत्र बनाइने छ । हाम्रा शेरखान, कुमरोज सामुदायिक वनको नियमित यात्री 'लाइभनारायण' श्री शारदानाथ बिस्फोट कमरेडको यसमा खास सहयोग रहने छ ।"

पुलुक्क हेरे, क्यामरा भिरेका तेज नयनवाला एक प्रकृतिप्रेमीले । बोले, "हुम्म, आजाद सरको कुरामा पूर्ण समर्थन रहन्छ । यी एमसीसी एसपीपीका नाजायज सन्तानहरूको लागि उपचार खोज्नुपर्छ। यी लाल दलाल नटवरलालहरू, यी ठोरीवादीहरू, यी नालायकहरूलाई यहाँ ल्याएर यिनको हैशियत बोध गराउनपर्छ। बरू म लाइभ प्रसारण गर्नेछु ।" सहमति भयो ।

योजनानुसार भव्य भवन बन्यो । ओशो क्याम्प सामुन्ने । दश कट्ठा जमिन एनआरएनए अभियन्ता देश देशावरले उपलब्ध गराए । सबै नेताहरू तानियो । पुस्तकालय नजिक । योग केन्द्र पनि नजिक । उखान सुन्न गाउँले आए। हरेक दिन प्रोफेसर जगमोहन आजाद हाजिर । गजल जोक सुनाउने । देउवाजीले खास रुचि देखाउनुभयो । बाबुराम पुरीको जेठान मात्र होइन, आर जूको पिता पनि भनेपछि 'मित ससुरा' भनेर शेरहरू सुने।

> "वास्तवमा नगरेर रहेछ, योजना नभएर रहेछ, प्रोफेसर जगमोहन आजाद जस्ता मानिसलाई देशले ढिलो चिन्यो, जे होस्, अब लुम्बिनी र सगरमाथाको इज्जत रह्यो", भैरहवा मर्निङ्ग वाक समूहमा कुरा भयो । आजादपथको किताब छापियो । त्यसलाई अङ्ग्रेजीमा अनुवाद गरे प्रा. डा. रमाकान्त पौडेल 'परिचित'ले । विमोचन भयो सौराहामा, त्यही म्यूजियममा ।

"उहिले परिचय भएको भए माधवजीको बैनीको खसमको स्थानमा राजदूत बनाउने नि !" देउवाजी पछुताए। उता ओलीजी पनि खुशी। काशीनाथ अधिकारीको अभिन्न मित्र, कुरा सकियो । माधवजी, वामदेवजी, झलजी, प्रचण्डजी पनि खुशी, गजल र हिन्दी गीत सुनायो। केही काङ्ग्रेसहरू म्यारिज खेल्न व्यस्त । भूइँ कटहर नास्ता, साथमा चार बुक। आजादले साथ दियो। ऊ पनि राम्रो अनुभवी हो।

सौराहामा पर्यटन उद्योग मौलायो । टिकट काटेर नेता नामका प्रजातिहरू हेर्न आए मानिसहरू । देश ? उता नयाँ पुस्ताले देशमा सत्ता सम्भालेपछि चमत्कार भयो । सम्पूर्ण ठेकेदारहरूको ८० प्रतिशत सम्पत्ति कब्जा गरियो। शिक्षा पूर्ण निःशुल्क । दल दुई मात्र । चुनाव पन्ध्र वर्षमा। सम्पूर्ण ठूल्ठूला कर्मचारीहरू, जसले अकूत धनराशी कुम्ल्याएका थिए, देशले कब्जा गऱ्यो । विश्वविद्यालयका केही भीसीहरूको खाता कब्जा गरियो। करमारा महाजनहरूको ६० प्रतिशत सम्पत्ति कब्जा भयो। समाजवाद आयो । बीस लाख युवा स्वदेश फर्किए । पहिलो पाँच वर्षलाई रोड वर्ष घोषणा गरियो । त्यसपछि पानी। हेर्दाहेर्दै नेपालको अनुहार यति उज्यालो भयो कि मान्छेहरू जिल्ल । प्रोफेसर जगमोहन आजादलाई विशेष अभिनन्दन गरियो । नेपालीहरूको प्रतिव्यक्ति आय १८ हजार डलर पुग्यो ।

"वास्तवमा नगरेर रहेछ, योजना नभएर रहेछ । प्रोफेसर जगमोहन आजाद जस्ता मानिसलाई देशले ढिलो चिन्यो । जे होस्, अब लुम्बिनी र सगरमाथाको इज्जत रह्यो ।" भैरहवा मर्निङ्ग वाक समूहमा कुरा भयो। आजादपथको किताब छापियो। त्यसलाई अङ्ग्रेजीमा अनुवाद गरे प्रा. डा. रमाकान्त पौडेल 'परिचित'ले । विमोचन भयो सौराहामा, त्यही म्यूजियममा । हरेक नेताको आयु ९५ वर्षको भयो। २१११ सालमा म्यूजियम खाली भयो। त्यसलाई होटेल लालुपाते भनेर नयाँ नाम दिने काम भयो, एउटा गुठी दर्ता गरी संस्थाले नै चलायो।

"हाम्रो देशमा यस्तो पनि भएको रहेछ है कुनै समयमा ।" प्रोफेसर जगमोहनको नातिले आफ्ना दिदीहरूलाई सुनायो। वि.सं. २१२२ मा उनीहरू नेपाल आएका थिए ।

"अति भए पछि, हो अति भएपछि तिमीहरूको पितामह जगमोहन आजादले त्यो योजना बनाउनुभयो ।" प्रोफेसरकी कान्छी छोरी पूजा गुरुङोपाध्याय। उनले एउटा कविता पनि सुनाइन्।

## कविता

### तिम्रो सम्झना



बबिता खालिङ, सिक्किम

जसरी हरेक वर्ष पृथ्वी
ब्रह्माण्ड घुमेर पनि
त्यहीँ स्थानमा आइपुग्छ
जहाँ उसलाई सुर्यले जन्माएको थियो
त्यसरी नै ३६५ दिनहरुमा
एक पल्टलाई भएपनि सम्झिदिनु
तिमीले मेरो मायालाई ॥

किनकि तिमीलाई जन्माउदा
म पनि सुर्य जस्तै टुक्रिएकि थिएँ
म टुक्रिएकि छु हरेक दिन ।

यदि
भत्किनु र जोड्नु नै नारित्व हो भने
हो म नारी हुँ !
म नारीहरु बीचका महानतम नारी
आमा हुँ ॥

अरुसँगको तिम्रो सम्बन्धलाई
तिमी जे संज्ञा दिए नि हुन्छ
तर, तिमी नभुल्नु
मसँगको तिम्रो सम्बन्ध
सबै सम्बन्धभन्दा फरक छ
यो सम्बन्ध
नौ महिना अगाडीको जो छ !
तिमी र मैले एउटै सास फेर्दा
एउटै ढुकढुक्की साट्दा
तिमीलाई आफुभित्र सुरक्षित राख्न
नथाकेकी म
तिमीलाई तिमीबाट जोगाउन
तिमीलाई संसारदेखि जोगाउन
तिमीलाई तिम्रै भाग्यदेखी जोगाउन
मैले एकै क्षण बिर्सीकी छुईन
ईश्वर अघि शीर झुकाउन
तिमी तिम्रो खुशीमा
तिम्रो फुर्सदमा
तिम्रो थकाइमा
आफुसँग हारेर हरेस खाएको बेला
सम्झिदिनु मेरो मायालाई ॥

मैले आफुलाई भन्दा धेरै माया
गरेको तिमीले मलाई
बस् ! आफू जत्तिकै माया गरिदिए पुग्छ
मलाई सम्झिदिए पुग्छ ॥

### चार मुक्तक



भावना बिष्ट, अछाम

१.
ताल, तलैया, खोला, नाला र बाटो बेचिदै छ ।
आफ्नो देशको ताजा अन्न, ढिँडो र आँटो बेचिदै छ ।
छोरी बेचिन कोठीमा, छोरा बेचिए खाडी मुलुक तिर,
अब नेपाली आमा र मातृभूमिको माटो बेचिदै छ ।

२.
नेता ज्यूका घुमफिर गर्ने अरबौका सवारी छन् ।
कोही जनता खाडी मुलुक कोही भिखारी छन् ।
छोरा छोरी सरकारी स्कुल पढाउन धौधौ भएर,
धनीको घरमा बा हलिया कठै आमा कमारी छन् ।

३.
सत्तामा आई भुँडी पल्टाई, राष्ट्रवादी भन्छन् ।
कालो कोट पाइन्ट लगाई, राष्ट्रवादी भन्छन् ।
कोही मरे द्वन्द्वकालमा कोही सिमानामा अझै,
जनतालाई बली चढाई, राष्ट्रवादी भन्छन् ।

४.
देश चलायो जनतालाई बेलुन झैं खेलाउनेले ।
अवसर पाएन अझै मुलुक समृद्ध सुखी बनाउनेले ।
कुर्सीमा बसी भुणी पल्टाई देश सक्यो ब्वाँसा नेताले ।
साँझ बिहान चुलो बाल्न पाएन कठै पसिना बगाउनेले ।

### गजल



राजनारायण राई, सोनादह

चुनौतीहरू बिच पनि हाँस्ने आदत बसाल्नु होस्
पीडाहरु छ भने धौर्यताले ति सबै पखाल्नु होस् ॥

सन्तुष्टिको पनि नाप-तौल छात्ती भित्र हुन्छ होला
यसैले जे जति छ सबै आफ्नै हो सम्हाल्नु होस् ॥

मन पर्नु र नपर्नु यति आ-आफ्नै रोजाई हुनसक्छ
कसिङ्गार मान्नुहुन्छ भने मलाई पनि बडाल्नु होस् ॥

जिउँदै दबाएर मान्नुहुन्छ जितको ठूलै सन्तुष्टि भने
बरु मलाई पाईतालोले सधैं तलतिरै धकाल्नु होस् ॥

हिम्मत नहारे पाइन्छ संघर्षले अनेक जितको स्वाद
त्यसैले राम्रा तथ्यहरु बौद्धिक छपनीमा चाल्नु होस् ॥

# युक्रेनको परमाणु उर्जा केन्द्रमा पुनः गोलाबारी, राष्ट्रसंघको चेतावनी



**काठमाडौं/एजेन्सी–** युक्रेनको जापोरीजा परमाणु उर्जा केन्द्रमा थप गोलाबारी भएको छ । युक्रेन र रुसले एकअर्कामाथि आक्रमणको आरोप लगाएका छन् । युरोपकै ठूलो परमाणु उर्जा केन्द्रको कार्यालय र अग्नि केन्द्रमा बिहीबार १० पटक गोलाबारी भएको दुवै पक्षको भनाइ छ ।

यस विषयमा छलफलका लागि संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा पनि छलफल भइरहेको छ । संयुक्त राष्ट्रसंघका परमाणु अनुगमन निकायका प्रमुख राफाएल ग्रोसीले परमाणु उर्जा केन्द्रमा भएको आक्रमणलाई 'गम्भीर' भनेका छन् । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेसले पनि परमाणु उर्जा केन्द्रमा भएको आक्रमणले विपदको अवस्था ल्याउन सक्ने उल्लेख गरेका छन् । महासचिव गुटेरसले चेतावनी दिँदै भने, 'उक्त क्षेत्रको सुरक्षाका लागि निःशस्त्रीकरण परिधिबारे तत्काल एउटा प्राविधिक सम्झौता आवश्यक छ ।'

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्सकीले रुसले चेर्नोबलमा भन्दा ठूलो विश्वकै खराब परमाणु दुर्घटना निम्त्याउन उक्साइरहेको बताएका छन् । रुसले आणविक हतियार प्रयोग नगरी आणविक आक्रमण गर्ने नियत राखेको उनको आरोप छ । यो परमाणु केन्द्रमा छ वटा प्रेसराइज्ड वाटर रियाक्टरहरू छन् र रेडियोधर्मी विकारहरू पनि छन् । यो केन्द्र कब्जा गरेको रुसले युक्रेनले नियुक्त गरेका कर्मचारीहरूलाई कायमै राखेको छ ।

रुसले विश्वकै गम्भीर परमाणु दुर्घटना निम्त्याउन सक्ने चेतावनी युक्रेनले दिएको छ । सो परमाणु केन्द्र मार्च महिनाको सुरुमा रुसले कब्जा गरेको थियो । बुधबार औद्योगिक राष्ट्रहरुको समूह जी सेभेका विदेशमन्त्रीहरुले सो परमाणु उर्जा केन्द्र रुसले तत्काल युक्रेनलाई सम्पनु पर्ने बताएका थिए । अमेरिकाले पनि यो उर्जा केन्द्रलाई गैरसैनिक इलाका घोषणा गरिनुपर्ने माग गरेको छ । 'परमाणु केन्द्र नजिक युद्ध हुनु भनेको खतराजनक र गैरजिम्मेवार काम हो,' अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले भने ।

मध्यपूर्वी युक्रेनमा रहेको यो केन्द्रमा गत साता पनि आक्रमण भएको थियो र आक्रमणमा दुवै देशले एक अर्कालाई आरोपित गरेका थिए । युक्रेनले उक्त केन्द्रमा रुसले सैन्य अखडा बनाएको र प्रतिकार गर्न नमिल्ने भएकाले त्यहाँबाट आक्रमण गरिरहेको आरोप लगाएको छ । तर मस्कोले यसको खण्डन गरेको छ ।

बिहीवार एक वक्तव्य जारी गर्दै युक्रेनको आणविक उर्जा निकायले रुसी आक्रमणकारीले पुनः जापोरीजा केन्द्रमा आक्रमण गरेर आतंक सिर्जना गरेको दाबी गरेको छ । युक्रेनले प्रशासनिक कार्यालयनजिकै भएको आक्रमणबाट धेरै रेडिएसन सेन्सरहरूमा क्षति पुगे पनि मानिसहरू घाइते नभएको जनाएको छ । त्यहाँको अवस्था अहिले नियन्त्रणमै रहेको दाबी गरिएको छ । उक्त क्षेत्रमा रुसले नियुक्त गरेका अधिकारीहरूले पनि युक्रेनले जस्तै वक्तव्य निकालेका छन् तर उनीहरूले बमबारी युक्रेनले गरेको आरोप लगाएका छन् । उनीहरूले युक्रेनी फौजले एकसाथ धेरै रकेट प्रहार गर्न मिल्ने प्रणाली र ठूला तोपहरूको प्रयोग गरेको बताएका छन् । दुवै पक्षको दाबीको स्वतन्त्र पुष्टि हुन सकेको छैन ।

# इरानले आफ्नो माग पूरा गरे ईयूको प्रस्ताव स्वीकार गर्ने

**काठमाडौं/एजेन्सी–** इरानका एक कूटनीतिज्ञले सन् २०१५ को आणविक सम्झौतालाई पुनः जीवित गर्ने युरोपेली संघ (ईयू) को प्रस्ताव इरानको माग पूरा भएमा मात्र स्वीकार्य हुने बताएका छन् ।

नाम सार्वजनिक नगर्ने शर्तमा ती कूटनीतिज्ञले भने, 'इरानले आईएईए सुरक्षासम्बन्धी राजनीतिक दाबीको समाधान गर्ने, इरानमाथिको प्रतिबन्ध हटाउने र आणविक वार्ताको अन्त्यमा सम्भावित सम्झौतामा पुग्ने ग्यारेन्टी दिनेलगायत इरानका विभिन्न माग पूरा गर्न इरानको 'विश्वसनीयता' भए नभएको हेर्ने प्रस्तावहरूको पुनरावलोकन गरिरहेको छ ।'

भियना वार्तामा सहभागीहरूको राजनीतिक निर्णयको पर्खाइमा रहेको संयुक्त व्यापक कार्य योजना (जेसीपीओए) को रूपमा चिनिने आणविक सम्झौतालाई पुनर्जीवित गर्ने निर्णयको मस्यौदा निर्णयको 'अन्तिम पाठ' ईयूले सोमबार प्रस्तुत गरेको छ । सन् २०२१ को अप्रिलमा अस्ट्रियाको राजधानी माल्दिभ्समा सुरु भएको वार्ता तेहरान र वासिङ्टनबीचको राजनीतिक मतभेदका कारण मार्चमा स्थगित भएको थियो । पाँच महिनाको अन्तरालपछि बिहीबारदेखि शुरु भएको पछिल्लो चरणको वार्ता सोमबार टुङ्गिएको हो । सन् २०१५ को जुलाईमा इरानले विश्व शक्तिराष्ट्रहरूसँग जेसीपीओएमा हस्ताक्षर गरेको थियो ।

# विद्यालय शिक्षाबाट बञ्चित दशौं हजार अफगान बालिकाको भविष्य अनिश्चित



**काठमाडौं/एजेन्सी–** अफगानिस्तानको शासन व्यवस्था तालिबानले सम्हालेको एक वर्ष भयो । एक वर्षदेखि देशका अधिकांश किशोर-किशोरीले कक्षाकोठामा पाइला राख्न पाएका छैनन् ।

महिलाप्रतिको तालिबानको कठोर निर्णयले विशेषगरी किशोरीहरू विद्यालय शिक्षाबाट बञ्चित भएका छन् । सत्तारूढ तालिबानले उनीहरूलाई विद्यालयमा फर्कन अनुमति दिने कुनै सङ्केत नदेखाएकाले केही समाजसेवीले किशोरी पुस्ताको शिक्षालाई निरन्तरता दिने उपाय खोजिरहेका छन् ।

काबुलको एउटा घरमा सोदाबा नाजहन्दले भूमिकगतरूपमा स्थापना गरेको अनौपचारिक विद्यालयमा पढ्न दर्जनौं केटी भेला भएका छन् । सोदाबा र उनकी बहिनी माध्यमिक विद्यालयका ती केटीलाई अङ्ग्रेजी, विज्ञान र गणित पढाउँछिन् । महिलाहरूको शिक्षा र काम गर्न पाउने अधिकार खोस्ने तालिबानलाई गतिलो जवाफ दिन सोदाबाले केटीहरूलाई पढाएर त्यो कठोर निर्णयविरुद्ध आफू खडा भएको बताइन् । छ कक्षासम्मका किशोरीलाई विद्यालय जानबाट तालिबानले प्रतिबन्ध लगाएपछि भूमिगतरूपमा उनले अनौपचारिक विद्यालय सञ्चालन गरेकी हुन् ।

तालिबानले महिलाहरूलाई विश्वविद्यालय जान अनुमति दिए पनि उच्च माध्यमिक विद्यालयबाट उत्तीर्ण भएका किशोरी नहुँदा त्यो अनुमति अप्रासङ्गिक भएको उनको ठम्म्याइ छ । विश्वविद्यालय र माध्यमिक विद्यालयबीचको विशाल रिक्ततालाई सम्बोधन गर्ने कुनै उपाय नहुँदा उनी ज्यादै दुःखी र चिन्तित छन् । सहायता निकाय सेभ द चिल्ड्रेनले शिक्षामा लगाइएको प्रतिबन्धको प्रभाव मूल्याङ्कन गर्न देशका सात प्रान्तमा नौ देखि १७ वर्ष उमेर समूहका करिब एक हजार सात सय केटाकेटीसँग अन्तर्वार्ता लिएको थियो । सेभ द चिल्ड्रेनले दुई महिना लगाएर गरेको सर्वेक्षणमा किशोर हरूको तुलनामा धेरै किशोरीहरू विद्यालय जान नपाएको देखाइएको छ ।

गत बुधबार सार्वजनिक गरिएको सर्वेक्षणअनुसार २० प्रतिशत किशोरहरूको तुलनामा ४५ प्रतिशतभन्दा बढी किशोरीहरू विद्यालय नगएको पाइएको छ । सोह्र प्रतिशत केटाहरूको तुलनामा २६ प्रतिशत केटीहरूमा 'डिप्रेसन'का लक्षण देखिएको छ ।

पहिलेदेखि नै चरम गरिबीको दुष्चक्रमा फसेका अफगानिस्तानका जनता अतिवादी समूह तालिबानले सत्ता कब्जा गरेपछि विश्व समुदायबाट पाउने वित्तीय सहायताबाट पनि बञ्चित भए । कमजोर आर्थिक अवस्था भएका लाखौंलाई भोकभोकै बस्न बाध्य बनायो । शिक्षक, अभिभावक र विज्ञहरू सबैले देशको बिग्रँदो अर्थतन्त्रप्रति गहिरो चिन्ता व्यक्त गर्दै आफ्ना छोरीहरूको पढाइ रोकिएकामा रोष प्रकट गरेका छन् । तालिबानको अव्यावहारिक निर्णयले अन्ततोगत्वा छोरीहरूको भविष्य अन्धकारतर्फ धकेलेको छ । महिलामाथि काममा लगाइएको प्रतिबन्ध, पोशाकको नियमले छोरीचेली नराम्ररी प्रताडित भएका छन् । आँखाबाहेक शरीर पूरै ढाक्नुपर्ने आदेश पालना गर्न विवश छन् उनीहरू । यद्यपि त्यो आदेशको पनि कहिलेकाहीँ उल्लङ्घन भएको छ ।

अन्तर्राष्ट्रिय समुदायले तालिबानसँग सबै उमेर समूहका नारीका लागि विद्यालय खोल्न माग गरिरहेको छ । संयुक्त राज्य अमेरिका र युरोपेली सङ्घले तालिबानमार्फत वित्तीय सहायता उपलब्ध नगराई अफगानिस्तानका शिक्षकहरूलाई सोझै तलब दिने योजना बनाएका छन् ।

## अनलाइन पत्रिका बन्द हुने सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७९/०४/२८**

**यस नवीन आवाज प्रा. लि. द्वारा संचालित www.karnali24.com नामक अनलाइन पत्रिका पछि कुनै दायित्व बाँकी नरहने गरी बन्द गर्न लागिएको हुँदा तत् सम्बन्धमा कोहि कसैको केहि लेनदेन बाँकी बक्यौता भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाव मिलान गर्नुहुन अनुरोध गर्दछौं ।**

www.karnali24.com

परिवार

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०४/२८**

**शिखर कन्सल्ट प्रा.लि.**को मिति २०७९/०४/२० गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लेखापढी सेवा प्रा.लि. (प्रा. लि. नं.: २२८५३०)** साथै साविक ठेगाना परिवर्तन गरी जिल्ला काठमाडौं, का.म.न.पा.–२८ कायम गर्ने गरी मिति २०७९/०४/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०४/२८**

**होलिस्टिक ट्रेड प्रा.लि.**को मिति २०७९/०४/२० गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **हिमालय मार्ट प्रा.लि. (प्रा. लि. नं.: १८९५४२)** कायम गर्ने गरी मिति २०७९/०४/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०४/२८

यस कम्पनीको मिति २०७९/०२/२१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **निवा अब्रोड एजुकेशन सेन्टर प्रा.लि. (प्रा.लि. नं. १६५६२९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/०२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ओज कनेक्ट एजुकेशन कन्सलट्याण्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## मलेसियामा रोजगार

कम्पनीः NSK TRADE CITY SB
शहरः Malaysia,Selangor

पूर्व स्वीकृत मितिः २०७९/०४/२६ चलानी नं.: ६०१८५२२४ LT. No.: 269248

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 130 | 0 | स. काममा दक्ष | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ४ गते (20 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

WWM WORLDWAYS MANPOWER INC (P.) LTD. "A Step Ahead"
An ISO CERTIFIED ORGANIZATION ISO 9001 : 2008 Certificate No. 63023
श्रम इजाजत नं. ६१७/०६३/०६४

**वर्ल्डवेज मेनपावर इंक प्रा. लि.**
कोटेश्वर-३५, काठमाडौं, नेपाल, फोन नं. ४६०२३८६, ४६०१८६५
मोबाईल नं.: ९८०१०६२९८०, ९८५१०६९६८०
Email.:info@worldwaysmanpower.com.np | Web Site : worldwaysmanpower.com.np



## युएईमा रोजगार

कम्पनी : CLEANCO CLEANING SERVICES & BUILDING MAINTENANCE
शहर : UAE

पूर्व स्वीकृत मितिः २०७९/०४/२६ चलानी नं.: ६०१८५२१० LT. No.: 269267

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER | 0 | 40 | स. काममा दक्ष | 900 | ३१,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर शाखा कार्यालय झापामा २०७९ भदौ ३ गते (19 August 2022) मा हुनेछ ।

नोटः यस विज्ञापन मिति २०७९/04/२७ गते प्रकाशित हुँदा अन्यथा भएकोले पून प्रकाशित गरिएको छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE



## OMAN र MALAYSIA मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : DUQM AHLIA DEVELOPMENT SAOC शहर : DUQM
पूर्व स्वीकृत मितिः २०७९/०४/२६ चलानी नं.: ६०१८५१४८ LT. No.: 269210

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: OR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolders General | 50 | 0 | स. काममा दक्ष | 120 | ३९,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : STS ALBARAKAH CLEANING SERVICES SDN BHD. शहर : JALAN
पूर्व स्वीकृत मितिः २०७९/०४/२६ चलानी नं.: ६०१८५२५३ LT. No.: 269313

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Service | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ५ गते (21 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

AIE
श्रम इजाजत पत्र नं.: ७१८/०६४/०६५

**आस्था इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.**
पो.ब.नं.: २१७०६, टोखा रोड, गोंगबु, काठमाडौं, फोनः ०१-४९८५८०२
E-mail : aasthamanpower@gmail.com, Web. : aasthaoverseasnepal.com
Mobile No.: 9864339769, 9818852251



## मलेसियामा रोजगार

कम्पनीः AWETEX ENGINEERING & TRADING SDN BHD
शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०४/२५ चलानी नं.: ६०१८५०८६ L.T. No.: 269259

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ४ गते (20 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

BAJRA HUMAN RESOURCES PVT. LTD. LALITPUR NEPAL G.P.O. Box 23901
श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
जि.पि.ओ.बक्सः २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५५५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com



## मलेसियामा रोजगार

कम्पनीः NSK TRADE CITY SB
शहरः SELENGOR

पूर्व स्वीकृत मितिः २०७९/०४/२६ चलानी नं.: ६०१८५२१९ LT. No.: 269277

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 130 | 0 | स. काममा दक्ष | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ ४ गते (20 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

BLAZE
Gov. Lic No. 1447/074/075

**Blaze Associates Pvt. Ltd.**
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com



## UAE मा रोजगार

कम्पनी : EMIRATES SECURITY SERVICES LLC
शहरः ABHU DHABI

पूर्व स्वीकृत मितिः २०७७/१२/१९ चलानी नं.: ६०१५६४९३ L.T. No.: 238342 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guards | 20 | 5 | स. काममा दक्ष | 2000 | ६८,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

## CYPRUS मा रोजगार

कम्पनी : DELTA YIANNAKIS SERVICES LTD
शहरः CYPRUS

पूर्व स्वीकृत मितिः २०७८/०७/१० चलानी नं.: ६०१६६४५७ LT. No.: 249497 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: EURO | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers | 0 | 11 | स. काममा दक्ष | 314 | ४१,२५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ४ गते (20 August 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ROTARY OVERSEAS PVT. LTD. KATHMANDU, NEPAL
Govt. Lic. No. 562/062/063

**ROTARY OVERSEAS PVT. LTD.**
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873
Mobile : 9818216982,9803245895 9840093549
Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com

# मिर्मिरे लघुवित्तद्वारा कर्जा गुणस्तर नियन्त्रण तालिम सञ्चालन

मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड
Mirmire Laghubitta Bittiya Sanstha Limited

**काठमाडौं/मस** – बनेपा केन्द्रीय कार्यालय रहेको मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडले मधेश प्रदेश प्रादेशिक कार्यालयमातहतका शाखा प्रमुख तथा फिल्ड कर्मचारीहरु साउन २३ र २४ गते एक चरण तथा साउन २४ र २५ गते अर्को चरण गरी दुई चरणमा कर्जा गुणस्तर नियन्त्रण तथा प्रभावकारी कार्य सञ्चालन तालिम दिएको छ ।

रौतहटस्थित होटल तराई इनमा सम्पन्न उक्त चरणबद्ध आवासीय तालिम कार्यक्रम संस्थाका सहायक कार्यकारी प्रमुख बिर्खबहादुर बोहराको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । मधेश प्रदेशका प्रादेशिक प्रमुख रामकिशोर चौधरीबाट सञ्चालन गरेको तालिम कार्यक्रममा कर्जा गुणस्तर नियन्त्रण सम्बन्धमा वित्तीय संस्थाका कर्जा तथा असुली विभाग प्रमुखले मुख्य रुपमा सहजीकरण गरेका थिए ।

कार्यक्रमको उद्घाटन राष्ट्रिय गानका साथमा पानसमा दिप प्रज्ज्वलन गरी प्रमुख अतिथि बोहराले गरेका भने स्वागत मन्तव्य प्रादेशिक उपप्रमुख षडेन्द्रप्रसाद त्रिखत्रीको रहेको थियो । कलैया शाखाका शाखा प्रमुख बमबहादुर चौधरीले कार्यसञ्चालन सम्बन्धमा सहजीकरण गरेको संस्थाले जनाएको छ ।

# प्रभु बैंकमा एकैपटक १ हजार कर्मचारीको बढुवा




**काठमाडौं/मस** – प्रभु बैंकले १००० जना कर्मचारीको बढुवा गरेको छ । उच्च व्यवस्थापन अर्थात् कार्यकारी तहमा दिनेश थकाली र रेणुप्रसाद पाण्डेसहित १००० कर्मचारीको बढुवा गरेको हो । यसअघि सहायक महाप्रवन्धक रहेका थकालीलाई एक तह बढुवा गरी नायब महाप्रबन्धक बनाइएको छ । त्यस्तै, यसअघि चिफ म्यानेजर रहेका रेणु पाण्डेलाई सहायक महाप्रबन्धक र सिनियर म्यानेजर रहेकी रश्मी पन्तलाई चिफ म्यानेजरमा बढुवा गरिएको छ ।

त्यस्तै, एक दर्जन सिनियर म्यानेजर तहका कर्मचारीलाई चिफ म्यानेजरमा बढुवा गरिएको छ । बैंकमा ३ हजार भन्दा बढी कर्मचारी छन् । सेञ्चुरी बैंकसँग मर्जरमा जाने प्रक्रियामा रहेको बैंकले एकैपटक ठूलो संख्यामा कर्मचारीहरुको बढुवा गरेको हो । कर्मचारीहरुलाई कार्यसम्पादन मूल्यांकनका आधारमा एक तह बढुवा गरिएको बैंकको मानव संसाधन शाखाले जनाएको छ ।

# 'सृजनशील महिला उद्यमी मेला–२०७९' शुरु



**काठमाडौं/मस** – '१९ औं डाबर बाटिका तीज फेष्टिबल सृजनशील महिला उद्यमी मेला-२०७९' सुरु भएको छ । शुक्रबार काठमाडौंको त्रिपुरेश्वरस्थित युनाईटड बल्ड ट्रेड सेन्टरमा शुरु भएको हो । मेलाको उद्घाटन महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले गरेकी थिइन् ।

महिला सृजनशील केन्द्रले महिला उद्यमीहरुले उत्पादन गरेका सामानहरुको बजारीकरणका लागि सहयोग गर्ने मुख्य उद्देश्यका साथ यो मेला आयोजना गरेको आयोजकले जनाएको छ । ५ दिनसम्म चल्ने मेलामा महिला उद्यमीले उत्पादन गरेका घरेलु बस्तुहरुको बिक्रीवितरण गरिनेछ । महिला उद्यमीहरुले उत्पादन गरेका घरेलु बस्तुहरुको प्रवर्द्धन गरी उनीहरुलाई वित्तिय पहुँच बढाउन पनि मेला उपयोगी हुने आयोजकले जनाएको छ ।

मेलाको उद्घाटन गर्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री रेग्मीले स्वदेशमा उत्पादित बस्तुहरुको उपयोग गर्न आम उपभोक्ताहरूलाई आह्वान गरिन् । सो मेलाको अवलोकन गरेपछि उनले सञ्चारकर्मीहरुमाझ संक्षिप्त प्रतिक्रिया दिँदै महिला दिदीबहिनीहरुले गुणस्तरीय बस्तु उत्पादन गरेको उल्लेख गर्दै विदेशी वस्तुभन्दा स्वदेशमै उत्पादन भएका बस्तुहरुको उपयोग गर्न सबैलाई आग्रह गरिन् ।

मेलामा नेपालमै उत्पादन गरिएका सारी, कुर्ता, सुरुवाल, चुरा, जुत्ता, चप्पल, झोलाआदि प्रदर्शन गरिएको छ । ५ दिनसम्म चल्ने मेलामा करिव १० हजारले अवलोकन गर्ने अपेक्षा गरेको आयोजकले जनाएको छ ।

# निर्जीवन बीमाको व्यवसाय ३९ अर्बमाथि पुग्यो




**काठमाडौं/मस** - गत आर्थिक वर्षको अन्त्यसम्ममा निर्जीवन बीमा कम्पनीहरूले ३९ अर्ब १६ करोड ९९ लाख रूपैयाँ कुल बीमाशुल्क संकलन गरेका छन् । कम्पनीहरूले २७ लाख ८८ हजार १८ वटा बीमालेख सो रकम संकलन गरेका हुन् । सो बीमालेख संकलन अघिल्लो आवको तुलनामा २३.५६ प्रतिशतले धेरै हो ।

अघिल्लो आर्थिक वर्षको असार मसान्तसम्ममा निर्जीवन बीमा कम्पनीहरूले ३१ अर्ब ७० करोड रूपैयाँ कुल बीमाशुल्क संकलन गरेका थिए । अघिल्लो आवमा कम्पनीहरूमा २७ लाख ३१ हजार ७७३ वटा बीमालेख बिक्री भएका थिए । २० निर्जीवन बीमा कम्पनीमध्ये सार्वाधिक बीमाशुल्क संकलन गर्ने कम्पनीको सूचीमा शिखर इन्स्योरेन्स परेको छ । शिखरले गत आवमा ५ अर्ब ९२ लाख रूपैयाँ कुल बीमाशुल्क संकलन गरेको छ ।

इन्स्योरेन्सले अघिल्लो आर्थिक वर्षको यसै अवधिसम्ममा ३ अर्ब ९७ करोड रूपैयाँ बीमाशुल्क संकलन गरेको थियो । धेरै बीमाशुल्क संकलन गर्ने कम्पनीको दोस्रो नम्बरमा सगरमाथा इन्स्योरेन्स परेको छ । सगरमाथाले गत आवमा ३ अर्ब १० करोड रूपैयाँ कुल बीमाशुल्क संकलन गरेको छ ।

नेको इन्स्योरेन्सले २ अर्ब ८५ करोड, राष्ट्रिय बीमा कम्पनीले २ अर्ब ६४ करोड, सिदार्थ इन्स्योरेन्सले २ अर्ब ६१ करोड, एनएलजी इन्स्योरेन्सले २ अर्ब २७ करोड, प्रिमियर इन्स्योरेन्सले २ अर्ब १४ करेड र हिमालयन जनरल इन्स्योरेन्सले २ अर्ब ६ करोड रूपैयाँ कुल बीमाशुल्क संकलन गरेका छन् ।

बीमा समितिले सार्वजनिक गरेको तथ्यांकअनुसार युनाइटेड इन्स्योरेन्स, अजोड इन्स्योरेन्स, ओरेन्टल इन्स्योरेन्स, नेपाल इन्स्योरेन्स, आइएमइ जनरल, प्रभु इन्स्योरेन्स, लुम्बिनी जनरल, एभरेष्ट इन्स्योरेन्स, प्रुडेन्सियल इन्स्योरेन्स, प्रभु इन्स्योरेन्स र सानिमा जनरलले गत आवमा १ अर्ब रूपैयाँभन्दा माथि बीमाशुल्क संकलन गरेका छन् ।

नेशनल इन्स्योरेन्स र जनरल इन्स्योरेन्स कम्पनीको व्यवसाय भने करोडमा नै सीमित रहेको छ । सबैभन्दा कम बीमाशुल्क संकलन गर्नेमा जनरल इन्स्योरेन्स परेको छ । गत आवमा इन्स्योरेन्सले ९० करोड १२ लाख रूपैयाँ मात्रै कुल बीमाशुल्क संकलन गरेको छ ।

गत आवमा राष्ट्रिय बीमा कम्पनीको व्यवसाय ६२.४० प्रतिशतले बढेर २ अर्ब ६४ करोड ७१ लाख रूपैयाँ पुगेको छ । अघिल्लो आर्थिक वर्षको यही अवधिमा कम्पनीले १ अर्ब ६३ करोड रूपैयाँ कुल बीमाशुल्क संकलन गरेको थियो ।

सानिमा जनरल इन्स्योरेन्सको बीमाशुल्क ६०.६६ प्रशिशतले बढेर १ अर्ब ४० करोड रूपैयाँ पुगेको छ । अघिल्लो आवमा सानिमाले ६५ करोड रूपैयाँ बीमाशुल्क संकलन गरेको थियो । सबैभन्दा कम बीमाशुल्क बढ्ने कम्पनीमा प्रभु इन्स्योरेन्स परेको छ । प्रभुको बीमाशुल्क ०.५५ प्रतिशतले बढेर १ अर्ब ३५ करोड ७४ लाख रूपैयाँ पुगेको छ । अघिल्लो आवमा कम्पनीले १ अर्ब ३५ करोड रूपैयाँ बीमाशुल्क संकलन गरेको थियो ।

# नेपाल लाइफको बीमा कोष १ खर्ब ३६ अर्ब नाघ्यो

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
NEPALLIFE सुरक्षा र समृद्धि
किनकि जीवन अमूल्य छ...

**काठमाडौं/मस** – नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण सार्वजनिक गरेको छ । इन्स्योरेन्सले साउन २७ गते शुक्रबार उक्त आवको अपरिष्कृत वित्तीय विवरण सार्वजनिक गरेको हो । सार्वजनिक गरेको विवरणअनुसार इन्स्योरेन्स कम्पनीले गत आवमा ३५ अर्ब ४४ करोड रुपैयाँ बराबरको कूल बीमाशुल्क संकलन गरेको छ । जुन अघिल्लो आर्थिक वर्ष २०७७/७८ को तुलनामा ९.५० प्रतिशतले घटी हो । इन्स्योरेन्सले सो वर्षमा ३२ अर्ब ३६ करोड रुपैया बराबरको प्रिमियम संकलन गरेको थियो ।

समीक्षा अवधिमा इन्स्योरेन्सको जीवन बीमाकोष बढेर १ खर्ब ३६ अर्ब ७९ करोड रुपैयाँ पुगेको छ । जुन अघिल्लो आवमा १ खर्ब १२ अर्ब ५१ करोड रुपैयाँ थियो । हाल इन्स्योरेन्सको चुक्ता पुँजी ८ अर्ब २० करोड रुपैयाँ छ । त्यस्तै, जगेडा तथा कोषमा २८ करोड ८३ लाख रुपैयाँ र महाविपत्ती कोष जगेडामा ७२ करोड २ लाख रुपैयाँ सञ्चित छ ।

इन्स्योरेन्स लगानी विस्तारमा आक्रामक देखिएको छ । २०७९ असार मसान्तसम्ममा कम्पनीले १ खर्ब ४३ अर्ब ८२ करोड रुपैयाँ बराबरको लगानी गरेको छ । जुन अघिल्लो वर्षको सोहि अवधिको तुलनामा २२.७१ प्रतिशतले बढी हो । २०७८ असारसम्ममा इन्स्योरेन्सले १ खर्ब १७ अर्ब २० करोड रुपैयाँ बराबरको लगानी गरेको थियो । उक्त लगानी सुरक्षित क्षेत्रमा गरिएको समेत कम्पनीको दाबी छ । गत आवमा इन्स्योरेन्स ३५ करोड २७ लाख रुपैयाँ नोक्सानमा रहेको छ । अघिल्लो आवमा भने कम्पनीले ५३ करोड ५९ लाख रुपैयाँ बराबरको नाफा आर्जन गरेको थियो ।

हाल इन्स्योरेन्सको प्रतिसेयर आम्दानी ४.३० रुपैयाँ नोक्सानमा छ । त्यस्तै, प्रतिसेयर नेटवर्थ ११२ रुपैयाँ २ ९ पैसा छ भने औसत प्रतिफल ९.५७ प्रतिशत रहेको छ ।

इन्स्योरेन्सले ६८ हजार ७५९ वटा बीमालेखबाट कूल १३ अर्ब ३२ करोड रुपैयाँ बराबरको कुल दावी भुक्तानी गरेको छ । त्यस्तै, १ अर्ब ७१ करोड ५२ लाख रुपैयाँ बराबरको भुक्तानी गर्न बाँकी रहेको देखिन्छ ।

# नेपाल पुनर्बीमा कम्पनीद्वारा ८ अर्ब ७८ करोड बीमा शुल्क आर्जन

**काठमाडौं/मस** – नेपाल पुनर्बीमा कम्पनीले गत आर्थिक वर्ष (आव) ७८/७९ को तेश्रो त्रैमासको रिपोर्ट सार्वजनिक गरेको छ । कम्पनीले गत आवको तेश्रो त्रैमाससम्म निर्जीवन तर्फ ६० करोड २१ लाख खुद नाफा गर्न सफल भएको छ भने जीवन बीमा तर्फ भने २ करोड ९७ लाख नोक्सानी बेहोर्न पुगेको छ । अघिल्लो आर्थिक वर्ष ७७/७८ को तेश्रो त्रैमाससम्म कम्पनीले निर्जीवन बीमा तर्फ ८२ करोड ४७ लाख खुद नाफा गर्दा जीवन बीमा तर्फ १० करोड १० लाख खुद नाफा गरेको थियो ।

गत आवको तेश्रो त्रैमाससम्म नेपाल पुनर्बीमा कम्पनीले ८ अर्ब ७८ करोड कुल बीमा शुल्क आर्जन गरेको छ । अघिल्लो आवको तेश्रो त्रैमाससम्म ६ अर्ब ८१ करोड कुल बीमा शुल्क आर्जन गरेको कम्पनीले एक वर्षको अवधिमा करिव २९ प्रतिशतले व्यवसाय वृद्धि गर्न सफल भएको छ । ११ अर्ब ६५ करोड चुक्ता पूँजी भएको कम्पनीमा निर्जीवन तर्फ ३ अर्ब ९१ करोड जगेडा कोषमा संचित रकम हुँदा जीवन बीमा तर्फ ५९ करोड ५ लाख जगेडामा संचित गर्न सफल भएको छ । त्यस्तै निर्जीवन तर्फ बीमा कोषमा २ अर्ब ५४ करोड रहेको छ । प्रकाशित तथ्यांकअनुसार कम्पनीको वार्षिक प्रतिसेयर आम्दानी ६ रुपैयाँ ५५ पैसा छ रहेको छ ।

# भाटभटेनी सुपरमार्केटमा 'नेपाल पे'को क्युआर सेवा




**काठमाडौं/मस** - माछापुच्छ्रे बैंकले भाटभटेनी सुपरमार्केट तथा डिपार्टमेन्टल स्टोरलाई नेपाल पे क्युआर कोड हस्तान्तरण गरेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले नेपाल पे क्युआर सेवा भाटभटेनी सुपरमार्केट तथा डिपार्टमेन्टल स्टोरका अध्यक्ष मीन बहादुर गुरुङलाई हस्तान्तरण गरेका हुन् ।

नेपाल पे को क्युआर सेवा सुरु भए सँगै ग्राहकहरुले आफुले उपभोग गरेको वस्तु तथा सेवाको रकम भुक्तानी सिधै आफ्नो बैंक खाताबाट एम स्मार्ट मार्फत भुक्तानी गर्न सक्नेछन् । माछापुच्छ्रे बैंकले पूर्वमा झापा देखि पश्चिममा कन्चनपुर साथै हिमाल देखि पहाड र तराई गरी सातै प्रदेशमा आफ्ना १६३ बटा शाखाहरु र १५७ शाखारहित बैंकिङ सेवा, ६ एक्सटेन्सन काउण्टर समेत गरी जम्मा ३२६ स्थानबाट बैंकिङ सुविधा प्रदान गरिरहेको छ । साथै, बैंकको देशभर २०० बटा एटीएमहरु संचालनमा रहेका छन् ।

**भूल सुधार**

मिति २०७९/०४/२७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा रोजगारको अवसर शिर्षक, पूर्व स्वीकृत मिति: **२०७९/०४/२०**, चलानी नं.: ६०१८५१४०, LT. No.: **268645** र कम्पनी: **MSS BIOFRESH SDN BHD**, को विज्ञापनमा कामदारको पद Cleaning Worker माग संख्या ४५ जना पुरुष हुनुपर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ ।

श्रम इजाजत नं. २६/०७८/०७९
**प्यासिफिक ओभरसिज कन्सल्ट प्रा. लि.**
महाराजगंज-४, चक्रपथ, काठमाडौं, फोन: ४७२०२५४, ९८४९६६१२११, ९८५१३२९८९३ ९७४१७४३६३४,
Email: info@pacificoverseas.org, pacificoverseas777@gmail.com, Web: www.pacificoverseas.org

**मोटरसाइकल हराएको सूचना**

मेरो तपसिल बमोजिमको मोटरसाईकल मिति २०७९/०१/०७ गते नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्ला देवचुली न.पा., वडा नं.१५ आफ्नै घरबाट हराएको हुँदा फेला पार्ने महानुभावले नजिकको प्रहरी कार्यालय वा तपसिलको ठेगानामा सर्म्पक गरिदिनुहुन अनुरोध छ ।

**सवारी धनीको नाम : स्वयम पौडेल**
**ठेगाना : देवचुली न.पा. वडा नं. १५, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)**
**मोटरसाईकलको किसीम : बजाज (NS200cc)**
**मोटरसाईकल नम्बर : लु ५६ प ६१४६**
**मोटरसाईकल रंङ : रातो**
**ईन्जिन नम्बर : JLYCKF09909**
**च्यासिस नम्बर : MD2A36FY1KCF96276**
**सर्म्पक नम्बर : ९८०६९८६४७३**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९/०४/२२ मा दर्ता भएको **प्रा.लि. नं. १७६३०६** को **शुभम् कन्स्ट्रक्सन एण्ड के. बि. सप्लायर्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०७९/०४/२८**

**युनी पोर्टल्स प्रा.लि**.को मिति २०७९/०४/२२ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मेरिट ग्लोब एजुकेशन सर्भिसेज प्रा.लि. (प्रा. लि. नं.: १३५६१५)** कायम गर्ने गरी मिति २०७९/०४/२४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भोटखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हटिया, संखुवासभा**
**प्रदेश नं. १, नेपाल**

**करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रथमपटक प्रकाशित मिति :-२०७९/०४/२७**

भोटखोला गाउँ कार्यपालिकाको कार्यालय हटिया, सङखुवासभामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहायको पदमा करार कर्मचारी आवश्यक भएकोले यो विज्ञापन प्रकाशित गरिएको छ । ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र कार्यालय समयमा र सो दिन बिदा परेमा भोली पल्ट यस कार्यालयमा निवेदन फारम पेश गर्न सकिने छ ।

| सि.नं. | विज्ञापन नं | पद | तह | माग पद संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०३-०७९/०८० | रोजगार सहायक | स्थानिय सेवाको सहायक पाचौ तह सरह | २ | मान्यता प्राप्त शिक्षण सस्थाबाट शिक्षण सस्थाबाट कम्तिमा प्रमाण पत्र तह वा सो सरह कोर्ष उतिर्ण गरेको र कम्प्यूटर सम्बन्धी ज्ञान भएको |

१. **दरखास्त दिने स्थान** : भोटखोला गाउँ कार्यपालिकाको कार्यालय हटिया,सङखुवासभा ।
२. **छनौट प्रक्रिया** : लिखित र अन्तर्बार्ता
३. **दरखास्त दिने अन्तिम मिति** : २०७९/०५/१६
४. **उमेर** : १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
५. **आवेदन दस्तुर** : रु.५००।- (भोटखोला गाउँपालिकाको ग्लोवल आई.एम.ई.बैंकमा रहेको "आन्तरिक राजश्व भोटखोला खाता नं F६०४०१०००००८ मा जम्मा गरेको भौचर ।)
६. **सेवा सुविधा** : करार संझौतामा उल्लेख भए अनुसार ।
७. **परिक्षा मिति** : २०७९/०५/१७ गते पश्चात निर्णय गरिने छ ।
८. **पासपोर्ट साईजको फोटो २ थान ।**
९. **आवश्यक कागजातहरु**: नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, योग्यता अनुसारको प्रमाण पत्रको प्रतिलिपी, सम्बन्धीत काउन्सिलमा दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

**आवेदन फारम** : भोटखोला गाउँपालिकाको वेबसाईट : www.bhotkholamun.gov.np बाट डाउनलोड गरि वा भोटखोला गाउँ कार्यपालिकाको कार्यालयबाट लिन सकिनेछ ।

**थप जानकारीको लागि ९७४२२८२२२२ ।**

**प्रमुख प्रशासकिय अधिकृत**

# खेलकुदलाई पर्यटनको रुपमा विकास गर्नुपर्छ : मन्त्री गहतराज



**काठमाडौं/मस–** युवा तथा खेलकुद मन्त्री महेश्वरजङ्ग गहतराजले खेलकुदलाई पर्यटनको रुपमा विकास गर्न सके राष्ट्रियरुपमा आम्दानी गर्न सकिने बताएका छन् । राष्ट्रियस्तरको फुटबल प्रतियोगिता हुँदै आएको निर्माणाधीन सिमरा रंगशालाको निरीक्षणका क्रममा उनले नेपाललाई खेल पर्यटनको रुपमा विकास गर्न नेपालमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका खेलहरु खेलाउन सकिने बताएका हुन् ।

'खेल पूर्वाधारलाई व्यवस्थित ढंगले निर्माण गर्न सक्यौं भने अन्तर्राष्ट्रियस्तरका खेलाडीहरु नेपालमा आउने वातावरण सिर्जना हुन्छ,' मन्त्री गहतराजले भने । सिमरा रंगशाला राजधानीबाट नजिक, निर्माणाधीन दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल पनि यसै जिल्लामा भएकाले सिमरा रंगशालालाई मधेस प्रदेशकै ठुलो रंगशालाको रुपमा विकास गर्न सकिने मन्त्री गहतराजले बताए ।

सिमरा रंगशालाको संरचनाहरु अत्यन्तै आकर्षक र लोभ लाग्दो भएकाले देशकै उत्कृष्ट रंगशालाको रुपमा विकास गर्न आफूले सक्दो पहल गर्ने आश्वासनसमेत उनले दिए । 'एकैपटक ठुलो बजेटले काम गर्न नसके पनि बहुवर्षीय योजना बनाएर काम गर्नुस्, हामी तपाईहरुलाई सहयोग गर्न तयार छौं,' उनले भने ।

यसै सन्दर्भमा मधेस प्रदेशका सांसद सुन्दर विश्वकर्माले सिमरा रंगशालाको पूर्वाधारमा संघीय सरकारले चासो देखाउन जरुरी रहेको बताए । विश्वकर्माले सिमरा रंगशाला स्थानीय र प्रदेश सरकारको बजेटभन्दा ठूलो योजना रहेका कारण संघीय सरकारले प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए ।

यसैगरी जीतपुर सिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलले सिमरा रंगशालाको विकासको लागि बहुवर्षीय योजना बनाएर काम अघि बढाउन मन्त्रीको ध्यानाकर्षण गरेका छन् । जितपुर सिमरा गोल्डकप आयोजना हुँदै आएको रंगशाला लामो समयदेखि निर्माणाधीन अवस्थामा छ । रात्रि अवस्थामा खेल खेलाउन सकिने गरी फ्लडलाइट समेत राखिएको रंगशालाको अन्य पूर्वाधार भने अधुरो छ । प्यारापिट निर्माण नहुँदा अन्य खेलकुदका लागि पूर्वाधार समेत निर्माण गर्न सकिएको छैन ।

रंगशालामा निर्माण हुने प्यारापिटको तल अन्य खेलकुदका लागि कभर्ड हल लगायतको पूर्वाधार बनाउने योजना छ । गोल्डकप आयोजक नव जन जागृति युवा क्लबका अध्यक्ष रामचन्द्र लामाले मन्त्री गहतराजलाई ज्ञापनपत्र बुझाउँदै सिमरा रंगशाला र जीतपुर सिमरा गोल्डकपलाई संघीय सरकारको प्राथमिकतामा राख्न आग्रह गरेका छन् ।

# प्रभाकरको प्रशिक्षणमा सुध्रिएला ब्याटिङ ?



**काठमाडौं/मस–** नेपाल क्रिकेट संघ (क्यान) ले भारतीय पूर्व क्रिकेटर मनोज प्रभाकरलाई राष्ट्रिय क्रिकेट टोलीको प्रशिक्षकमा नियुक्त गर्ने निधो गरिसकेको छ । साथै, राष्ट्रिय क्रिकेट टोलीलाई केन्या भ्रमण गराउने पनि निश्चित भइसकेको छ । पूर्वप्रशिक्षक पुबुदु दाशानायकेको प्रशिक्षणमा पछिल्लो पटक दुई वटा भ्रमण गरेको टोली अपेक्षाअनुसार प्रदर्शन गर्न असफल भयो। विभिन्न समस्या देखाउँदै पुबुदु बाहिरिएसँगै नयाँ प्रशिक्षकका लागि चुनौती भने धेरै छन् ।

पुबुदुले प्रशिक्षकबाट छाडेपछि भारतीय पूर्व क्रिकेटर मनोज प्रभाकरलाई क्यानले मुख्य प्रशिक्षक बनायो। तर, नेपाली क्रिकेटमा रहेका विभिन्न चुनौतीको सामना गर्न उनलाई त्यति सहज भने हुने छैन । किनभने प्रभाकर पहिलोपटक नेपालमा क्रिकेट प्रशिक्षक बनेर आएका छन् । साथै, उनले कुनै पनि राष्ट्रिय क्रिकेट टिमको मुख्य प्रशिक्षकको नेतृत्व सम्हाल्न लाग्दै छन् ।

पछिल्लो पटक नेपालले स्कटल्याण्ड भ्रमण गर्दा नेपाली राष्ट्रिय टिमले अपेक्षाअनुसारको नतिजा निकाल्न सकेन । चार खेलमध्ये एक खेलमा मात्र सुखद नतिजा निकालेको नेपालले बाँकी तीन खेल गुमाएपछि विभिन्न कारण केलाउन थालिएको छ ।

मुख्यतः टोलीमा एकजुट समस्या, ब्याटिङ समस्या बाहिरी सतहमा देखिन थालेका छन् । यससँगै एक दिवसीय मान्यता गुम्ने डर पनि त्यत्तिकै छ । क्यानले प्रभाकरलाई मासिक १५ हजार डलरसहित अनुबन्ध गरेको नेपाल क्रिकेट संघका कोषाध्यक्ष रोशन सिंहले जानकारी दिए ।

उनले प्रभाकरको प्रशिक्षणमा नेपाली क्रिकेट टिमले थप उचाइ प्राप्त गर्ने विश्वास व्यक्त गरे । उनले भने, 'पुबुदुलाई हामीले दुई वर्षको सम्झौता गरेर ल्याएका थियौं । पारिवारिक कारणले उहाँ जानुभयो। रिक्त पदमा लामो कसरतपछि मनोज प्रभाकरलाई जिम्मा दिने निर्णय गरेका छौं । उहाँलाई हाराहारी १४/१५ हजार डलर (ट्याक्ससहित) दिने सहमति भएको छ । उहाँ अनुबन्ध भएसँगै नेपाली क्रिकेटले थप उचाइ पाउने अपेक्षा राखेको छ । किनभने कुनै समय भारतका लागि प्रभाकर अब्बल खेलाडी थिए । पछिल्लो समय अफगानिस्तानलाई टेस्ट नेसन्स बनाउन उहाँको देन निकै महत्वपूर्ण थियो ।'

प्रशिक्षक मनोज प्रभाकर शनिबार साँझ नेपाल आउँदै छन् । नेपाली टोली सम्हाल्न आउन लागेका मनोजलाई नेपाली क्रिकेट सुधार गर्ने चुनौती धेरै छन् । मनोजलाई सीमित स्रोत-साधनलाई अधिकतम प्रयोग गर्नुपर्ने पहिलो चुनौती रहेको छ । प्रभाकर जहाँ क्रिकेटका लागि कुनै पनि कन्जुस्याइँ नहुने अब्बल देश भारतका खेलाडी हुन् । जहाँ पूर्वाधारको कुनै कमी थिएन । तर उनलाई नेपालमा भएको सीमित साधनको अधिकतम प्रयोग गर्दै विश्व स्तरमा प्रतिष्पर्धा गर्न योग्य टोली बनाउने चुनौती हुनेछ ।

अहिले टोलीमा नयाँ युवा खेलाडीको वचर्श्व छ । टोलीमा अनुभवी खेलाडी प्रायः शून्य छन् । यही अवस्थामा क्यानका मिडिया म्यानेजर दुर्गाराज पाठकले नयाँ प्रशिक्षकले युवा खेलाडीलाई समेट्दै अनुभव दिलाउने बताए । उनले ब्याटिङ पक्षको सुधारलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता रहेको बताए ।

# बार्सिलोनालाई उपाधि फर्काउने चुनौती



## ला लिगा

**काठमाडौं/एजेन्सी–** गत सिजन दोस्रो स्थानको बार्सिलोनालाई १३ अंकले पछि पार्दै रियल मड्रिड ला लिगाको च्याम्पियन बन्यो । नयाँ योजना साथ रियल मड्रिड फेरि नयाँ सिजन २०२२-२३ शुरु गर्दैछ, त्यो पनि ठूलो आशासहित । सन् २००८ पछि रियल लगातार ला लिगामा च्याम्पियन बन्न चाहन्छ ।

प्रशिक्षक कार्लो एन्सेलोटीले इंग्लिस प्रिमियर क्लब चेल्सीका सेन्ट्रल ब्याक एन्टोनियो रुडिगर र मोनाकोका डिफेन्सिभ मिडफिल्डर औरेलियन टिचौअमेनीलाई भित्राउँदै आफ्नो स्क्वाड बलियो बनाएका छन् ।

एन्सेलोटी इतिहासकै लेजेन्डलाई आफ्नो एघारमा फिल्डिङ गर्न सक्छन् । नयाँ अनुबन्ध भएका र यसअघि राम्रो प्रदर्शन गरेका इडुआर्डो कामाभिङ्गा, फेड भालभर्डे र रोड्रिगोले यस सिजन झनै आशा देखाएका छन् । कतार विश्वकप अघि यी खेलाडीले खेल्ने प्रसस्त मार्ग हुनुपर्छ ।

विश्वास गरिएका युवा स्टार केलियन एम्बाप्पेलाई अनुबन्ध गर्न असफल भएपछि फेरि एकपटक एकमात्र सेन्ट्र फरवार्डको जिम्मेवारी करिम बेन्जेमाले पाउनेछन् । लुका जोभिक इटालीयन क्लब फ्लोरेन्टिना प्रस्थान गरेका छन् । यस्तै, एन्सेलोटीले मारियानो डियाजलाई केहिल्यै विश्वास गरेनन् । ३५ वर्षीय खेलाडीबाट धेरै गोलको चाहना गर्नु रियलको लागि प्रश्न उठ्न सक्छ ।

चेल्सीबाट रियल आएका क्षमतावान इडेन हाजार्डले अघिल्लो सिजन स्तब्धपूर्ण प्रदर्शन गरे । इन्जुरीका कारण गत सिजन उनले जम्मा ६ गोल गरे । तर, अहिले हाजार्ड फिट भएका छन् । प्रि सिजनमा उत्कृष्ट प्रदर्शन गरेसँगै एन्सेलोटीको प्लानमा बेल्जियम खेलाडी रहेका छन् ।

यता, गत सिजन बार्सिलोनाको लागि सनसनीपूर्ण रह्यो । अर्थतन्त्रमा समस्या आएपछि गत सिजन बार्सिलोनाले राम्रो प्रदर्शन दिन सकेन । अध्यक्ष जोआन लोपार्टले जुलेस कौन्डे, आन्द्रेअस क्रिस्टेन्सन, फ्रान्क केसिइ, राफिन्हा र रोबर्ट लेवान्डोस्कीलाई अनुबन्ध गरिसकेका छन् । यस्तै, मार्कोस ओलोन्सो र बेर्नान्डो सिल्भा भित्रिने योजनामा छन् । औसामाने डेम्बेलेको नवीकरणले टोली थप बलियो भएको छ ।


प्रशिक्षक जाभी होर्नान्डेजले प्रत्येक पोजिसनमा दुई बलियो खेलाडी राखेका छन् । रायो भालेकानोविरुद्ध सप्ताहन्तमा मैदान उत्रनु अघि बार्सिलोना अनुबन्ध गर्न पाउनेछ । यद्यपि, ला लिगाले बार्सिलोनालाई बित्तीय नियमहरु लगाउन सक्छ । अगिल्लो सिजन बार्सिलोना गम्भीर आर्थिक समस्यामा परेको थियो ।

अन्तिम सिजन बार्सिलोनाले जाभिको प्रशिक्षणमा २५ लिग खेलमा ५६ अंक जोड्यो । जस क्रममा उसले फेब्रुअरी र अप्रिलमा रियल मड्रिडलाई बर्नाबेउमा ४-० ले हरायो । तर, उसले केहि खराव प्रदर्शन पनि गर्यो । काडिज र रायो भालेकानोसँग पराजित भयो । यस्तै, युरोपा लिगमा फ्राङ्कफुर्टसँग पराजित हुन पुग्यो ।

जाभीले सिधा झै ४-३-३ को पोजिसन रोज्नेछन् । जाभीसँग अट्याक लाइनमा बहुमुखी प्रतिभाका रोबर्ट लेवान्डोस्की, डेम्बेले, राफिन्हा, अन्सु फाति, फेरान टोरेस र पियरे इम्रिक औवामेयाङ रहेनछन् । उनले यिनीहरुलाई अग्रपंक्तिको जुनसुकै पोजिसनमा खेलाउन सक्छन् ।

यो टिमले पक्कै लिग जित्न धेरै गोल गर्न सक्नुपर्छ । तर, के बार्सिलोनाले अन्य टोलीलाई रोक्न सक्ला ? काउन्टर खेल बार्सिलोनाको लागि सधैं घातक बन्दै आएको छ । तर, तल्लोक्रमका कौन्डे र रोनाल्ड अराउजोले जाभिको रणनीतिलाई साथ दिने आशा गर्न सकिन्छ । ला लिगा २०२२-२३ को सिजन शुक्रबार रातिबाट शुरु भएको छ ।

# ट्रिटनलाई क्रिकेट उपाधि



**काठमाडौं/मस–** ट्रिटन इन्टरनेसनल कलेजले टी- १० क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । ट्रिटनले फाइनलमा मणिमुकुन्दलाई १ विकेटले पराजित गर्यो । पहिले ब्याटिङ गरेको मणिमुकुन्दले निर्धारित १० ओभरमा ६८ रन बनायो । जवाफमा ट्रिटनले ९.४ ओभरमा लक्ष्य भेटायो ।

ट्रिटनका योगेन्द्र कार्की फाइनलको 'म्यान अफ द म्याच' बने । ट्रिटनका दिलिप नाथ 'म्यान अफ द सिरिज' घोषित भए । गोल्डेनगेटका सन्देश कार्की उत्कृष्ट ब्याट्सम्यान, गोल्डेनगेटकै रुपेश सिंह उत्कृष्ट बलर भए ।

# यूएईविरुद्ध अमेरिका विजयी

**काठमाडौं/एजेन्सी–** आईसीसी पुरुष विश्वकप लिग टू अन्तर्गत स्कटल्याण्डको त्रिकोणात्मक एकदिवसीय सिरिजको दोस्रो खेलमा यूएई पराजित भएको छ । स्कटल्याण्डको मनोफिल्ड क्रिकेट मैदानमा बिहीबार भएको खेलमा अमेरिका १ विकेटले विजयी भएको हो ।

घरेलु टोलीसहित अमेरिका तथा यूएई समावेश लिग टूको यस सिरिजमा यूएईको यो दोस्रो हार हो । यूएईले दिएको २ सय ५४ रनको लक्ष्य पछ्याएको अमेरिकाले ५ बल बाँकी रहदै ९ विकेट गुमाएर लक्ष्य पूरा गर्यो । उसका लागि मोनाक पटेल तथा आरोन जोन्सले अर्धशतक बनाए । कप्तान पटेलले ८५ तथा जोन्सले ५१ रन बनाए । इयान हल्याण्डले ३० तथा स्टेभन टेलरले २९ रन बनाए । गजानन्द सिंहले अविजित २६ तथा सुसान्त मोदिनीले १२ रन बनाए । यूएईका लागि जुनेद सिद्धिकि र रोहन मुस्ताफाले समान २/२ विकेट लिए । जाहोर खान,बासिल हमिद र कप्तान अहमद राजाले समान १/१ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको यूएईले ५० ओभरमा ८ विकेट गुमाएर २ सय ५३ रन बनाएको थियो । उसका लागि आर्यन लाकेर तथा भृत्य अरबिन्दले अर्धशतकिय ईनिङ खेले । लाकृरले ८४ तथा अरबिन्दले ५३ रन बनाए । सिपि रिजवान ३९ तथा बासिल हमिदले २५ रन बनाए । अमेरिकाका लागि शौरभ नेत्राभाल्करले ३ तथा ईयान होल्याण्ड, स्टेभन टेलर र क्यामरोन स्टेभसनले समान १/१ विकेट लिए ।

जितसँगै अमेरिका चौथो स्थानमा रहेको छ । अमेरिकाले २५ खेलमा २५ अंक जोडेको छ । तेस्रो स्थानमा रहेको यूएईको भने २४ खेलबाट २६ अंक रहेको छ । यस सिरिजको तेस्रो खेलमा शनिबार घरेलु टोली तथा अमेरिका खेल्नेछन् ।

# यु-१७ को बन्द प्रशिक्षणमा ३० खेलाडी छनोट



**काठमाडौं/मस–** यु-१७ राष्ट्रिय पुरुष फुटबल टिमका लागि बन्द प्रशिक्षणमा ३० खेलाडी छनोट भएका छन् । अखिल नेपाल फुटबल संघ (एन्फा)ले शुक्रबार यु-१७ को बन्द प्रशिक्षणमा रहेका ४५ खेलाडीबाट १५ खेलाडी बाहिरिएको जनाएको छ । मुख्य प्रशिक्षक उर्जन श्रेष्ठले १५ खेलाडी बाहिर राख्दै ३० खेलाडी छनोट गरेको एन्फाले जनाएको छ ।

एन्फाले साफ यू-१७ च्याम्पियनसिप र एएफसी यु-१७ एसियन कप छनोटका लागि खेलाडीलाई बन्द प्रशिक्षणमा राखेको छ । श्रीलंकामा आयोजना हुने साफ यू-१७ च्याम्पियनसिपमा नेपाल समूह 'बी' मा परेको छ । नेपालको समूहमा भारत र भुटान रहेको छ । यस्तै समूह 'ए' मा आयोजक श्रीलंका, माल्दिभ्स र बंगलादेश रहेको छ ।

श्रीलंकामा आयोजना हुने साफ यु-१७ आगामी सेप्टेम्बर ५ बाट हुनेछ । यस्तै भियतनाममा हुने यु-१७ एसियन कप छनोट अक्टोबर १ देखि ९ सम्म हुनेछ ।

छनोट भएका खेलाडीहरुमा मुकेश घर्ती, रुबिन बोगटी, कृषल मोक्तान, सिमन्त थापा, उनिश मगर, सुवास मगर, उनिश बुढाथोकी, जनप्रकाश बम, निशान तामाङ, सिजल राई, मधु पौडेल, गौरव महर्जन, विक्रम तामाङ, हरीश भट्ट, लचु थापा, प्रशान्त लक्सम, कृष्णबहादुर थापा, प्रशान्त लक्सम,निरोज कार्की, समिर तामाङ, धनसिंह विक, दीपक थापा मगर, मानव पोखरेल, कुशल देउवा, मिरक लिङ्देन, प्रीतम कार्की, विनोद केसी, धिरज विक, सोहन स्याङ्ताङ, निराजन धामी, सरोज दर्लामी र समिर चन्द रहेका छन् ।

# आयरल्याण्डको दोस्रो जित

**काठमाडौं/मस–** घरेलु टोली आयरल्याण्डले अफगानिस्तानलाई दोस्रो टी-ट्वान्टीमा पराजित गरेको छ । बेलफास्टमा बिहीबार राति भएको खेलमा पाहुना टोली ५ विकेटले पराजित भएको हो । जितसँगै ५ खेलको टी-ट्वान्टी सिरिजमा घरेलु टोलीले २-० को अग्रता बनाएको छ ।

अफगानिस्तानले दिएको १ सय २३ रनको लक्ष्य घरेलु टोलीले ६ बल बाँकी रहँदा ५ विकेट गुमाएर पूरा गर्यो । उसका लागि कप्तान एन्डी बालबेर्नी ४६ तथा लुर्केन टुर्केर २७ रन बनाए । जर्जी ड्याकरोलले अविजित रहदै २५ रन बनाए । पाहुना टोलीका लागि कप्तान मोहम्मद नाबीले २ तथा मुजिब उर रहमान,फजहक फरिकि तथा नभिन उल हकले समान १/१ विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको भ्रमणकारी टोलीले २० ओभरमा ८ विकेट गुमाएर १ सय २२ रन बनायो । उसका लागि हजमतुल्लाह शाहिदीले ३६ तथा ईब्राहिम जाड्रनले १७ रन बनाए । अजमतुल्लाह उमरजाईले ११ तथा नभिन उल हकले अविजित १० रन बनाए ।

आयरल्याण्डका लागि कुर्थिस च्याम्फियर,गारिथ डिलेनी,मार्क अडिर तथा जोस लिटिलले समान २/२ विकेट लिए । दुई टोलीबीचको तेस्रो टी-ट्वान्टी शुक्रबार हुनेछ ।

# विश्वकप फुटबल एकदिन अगाडिबाट शुरू हुने

**काठमाडौं/एजेन्सी–** कतारमा आयोजना हुने फिफा विश्वकप फुटबल एक दिन अगाडि सरेको छ । आगामी नोभेम्बरवाट कतारमा शुरु हुने फिफा विश्वकप फुटबल एक दिन अघि सरेको हो ।

जसमा आयोजक देश कतारले इक्वेडरसँग उद्घाटन खेल खेल्नेछ । यसअघिको तालिका अनुसार कतार र इक्वेडरबीचको खेल नोभेम्बर २१ मा अर्थात तेस्रो खेलको रुपमा खेलिने भनिएको थियो । जसले गर्दा पनि उदघाटन खेलमा नेदरल्याण्ड्स र सेनेगलबीचको विश्वकपको पहिलो उदघाटन खेल हुने तय भएको थियो ।



आयोजक राष्ट्रले विश्वकपको पहिलो खेल खेल्दै आएको चलनलाई निरन्तरता दिन विश्वकप एक दिन अगाडि सारिएको फिफाले जनाएको छ । कतार र इक्वेडरबीचको खेल अघिल्लो दिन अर्थात उदघाटनको दिनमा सारेपछि अब नोभेम्बर २१ मा भने तीन खेल मात्र हुनेछन् । जसमा समूह 'ए' का नेदरल्याण्ड्स र सेनेगल तथा समूह 'बी' का इंग्ल्याण्ड र इरान तथा वेल्स र अमेरिकाबीच प्रतिस्पर्धा हुनेछ ।

उदघाटन खेल आयोजक राष्ट्रलाई दिनु पर्ने सो प्रस्तावसँगै विश्व फुटबलको सर्वोच्च निकाय फिफाले पूर्वनिर्धारित विश्वकप एक दिन अगाडि सार्नका लागि केही दिन अघिवाट गृहकार्य सुरु गरेको थियो । साउथ अमेरिकन कन्फेडेरेसनको विशेष आग्रहमा विश्वकप एक दिन अगाडि सार्नका लागि तयारी थालिएको फिफाले त्यो बेला जनाएको थियो ।

सो प्रस्ताव निर्णयार्थ प्रस्तुत भई पारित भएसँगै उद्घाटन खेलमा अब आयोजक राष्ट्र कतारले इक्वेडरको सामना गर्नेछ। सो, खेल तालिका हेरफेरका लागि फिफा काउन्सिल ब्युरोबाट अनिवार्य रुपमा अनुमोदन गराउनु पर्ने नियम छ । जुन खेल तालिका हेरफेर गर्नका लागि भोटिङमा जानुपर्ने नियम पनि रहेको छ । जसअनुसार सो भोटिङमा फिफा अध्यक्ष जियानी इन्फान्टिनोसहित ६ महादेशका अध्यक्षहरूले मतदान गरेका थिए, सो मतदानसँगै बिहिवार अबेर पारित गरिएको थियो । कतार विश्वकप यसअघि नोभम्बर २१ देखि डिसेम्बर १८ सम्म तय भएको थियो ।

# बक्स अफिस समाचार

## गाईजात्राको अवसरमा हास्य कलाकारहरुले देखाए प्रस्तुति

**काठमाडौं/मस–** विगत वर्षभैं रिपोर्टर्स क्लब नेपालले यस वर्षपनि गाईजात्रा विशेष साक्षात्कार कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रममा देशका चर्चित हास्यकलाकारहरुले आफ्नो प्रस्तुति दिएका थिए ।




वरिष्ठ हास्यकलाकार शैलेन्द्र सिम्खडाले आफुले ४२ वर्षदेखि हास्यव्यग गर्दै आएको बताए । सिम्खडाले 'नसोध्नुस देश कस्तो छ, जग्गा महगों छ, जनता सस्तो छ, नसोध्नुस् खाना कस्तो छ, एकातिर फोहोरको गोदाम, अर्कातीर चोरको गोदाम' बोलको कवितामार्फत देशको पछिल्लो अवस्थालाई चित्रण गरेका थिए ।

क्लबका सभापति ऋषि धमलाले सभापतित्वमा गरेको उक्त साक्षात्कारमा बोल्दै सिम्खडाले रिपोर्टर्स क्लब नेपालका सभापति ऋषि धमलाप्रति 'पुरानो नक्साको किनारमा चुच्चो देखाइदिए नयाँ नक्सा प्रिन्ट गर्नै नपर्ने, ऋषि धमलाको मुख छुराजस्तो नाक लिपियाधुराजस्तो' भन्दै व्यंग्य कसेका थिए ।

उनले पछिल्लो समय नेताहरुले जनता हसाउन र कलाकारहरु पार्टीमा हाम फाल्न थालेको टिप्पणी गरे । उनले देश र जनतालाई यतिवेला गतिलो नेतृत्वको आवश्यकत्ता रहेको औंल्याए । देश सिंगापुर जस्तो भए हाँसो व्यंग्य गर्न नपाइने भन्दै उनले ठट्टा गरेका थिए । प्रस्तुतीकै दौरान सिम्खडाल 'ढुंगा' शीर्षकको कवितामार्फत देशको विद्यमान राजनीतिक अवस्थाबारे व्यंग्य कसेका थिए । सिम्खडाले आजको क्लबको गाईजात्राविशेष साक्षात्कारको राष्ट्रपति धमला भएको भन्दै सोहीअनुसार सम्बोधन गरेका थिए ।

उनले भने, 'हामी सबै कलाकारलाई विभिन्न मन्त्रालयको जिम्मेवार दिनुभएको सम्माननीय राष्ट्रपतिज्यू, ऋषि धमलालाई धन्यवाद दिन चाहन्छु ।' उनले आफूले विगत ४२ वर्षदेखि रंगमञ्चमा गाइजात्रा प्रस्तुति गरिरहेको सुनाए । यस वर्ष आफूले आफ्नै युट्युव च्यानलमार्फत प्रस्तुति बाहिर ल्याएको उनको भनाई छ । उनले आफूहरुको प्रस्तुतिमाफर्त समाजमा सकारात्मक सन्देश प्रवाह हुने विश्वास दिलाए । उनले पत्रकार धमलालाई कार्यक्रम छोडेर नहिँड्न र मोवाईलसमेत अफ गर्न भनेका थिए ।

त्यस्तै, चर्चित हास्यकलाकार किरण केसी 'राता मकै' ले 'कहिले माया जुनजस्तै, कहिले माया अख्तियारले समातेको धनजस्तै, कस्को आँखा लाग्यो बरिलै' कवितामार्फत व्यंग्य कसेका थिए ।

देशमा जति आन्दोलन भएपनि जनताको अवस्था पुरानै छ भन्दै केसीले 'समस्या पुरानै छन्, पार्टीतन्त्र नयाँ-नयाँ, धामी-झाँक्री पुरानै छन्, प्रजातन्त्र नयाँ-नयाँ' भन्दै देशमा विकास र समृद्धि नभएको गुनासो पोखेका थिए ।

केसीले आफु ऋषि धमलाको ठुलो शुभचिन्तक भएको बताए । उनले भने,'हामी दुईबीच झडप पनि परिरहरन्छ र फेरी मिल्छौं ।' पछिल्लो समयमा धमलाले पत्रकारितामार्फत तिखो व्यंग्य गर्दै आएकोमा उनको भूमिकाको प्रशंसा गरे ।

त्यसैगरी, अर्का कलाकार जितु नेपाल 'मुन्द्रे' ले शुरुवातमै अर्थमन्त्रालयको सीसी क्यामराले फुटेज लुकाएको भन्दै राजनीतिप्रति व्यंग्य हानेका थिए । यही सिलसिलामा नेपालले 'अर्थ मन्त्रालयबाट सिसी टिभीको फुटेज हराएझैं, क्लबमा ऋषि क्यामराको फुटेज नहराओस' भन्दै हँसाएका थिए ।

उनले पत्रकार ऋषि धमलाका हरेक तह र तप्काका मानिसहरुसँग बहस गर्ने बानी आफूलाई राम्रो लागेको सुनाए । उनले भने,'उहाँको खटाई र व्यवहारप्रति नमन गर्न चाहान्छु ।'

नेपालले शतप्रतिशत बोलेको पुऱ्याउने एकमात्र नेता केशव स्थापित आज विस्थापित भएको व्यंग्य कसे । उनले भने,'केशव स्थापितले चुनावको बेलामा कसैसँग मेरो प्रतिष्पर्धा हुँदैन भन्नुभएको थियो, आखिरमा हुनपनि त्यस्तै भयो, चुनावपछि परीणाम आयो, उहाँको प्रतिस्पर्धा कोहीसँग हुनै सकेन ।'

उनले पनि प्रधानमन्त्री देउवा, नवगठित नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराई, नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालको क्यारिकेचर गरेका थिए ।

उनले अब कलाकारहरुले नेताहरुलाई व्यंग्यमात्रै नगरेर सिधै समस्याबारे प्रश्न गर्नुपर्नेमा जोड दिए । उनले पछिल्लो समयमा चुनावको मुखमा देखिएको पारिवारिक उम्मेदवारी र स्वतन्त्र उम्मेदवारहरुप्रति पनि व्यंग्य कसे । उनले कलाकारहरुले विगतका वर्षमा गाईजात्राविशेष कार्यक्रमहरुको आयोजना गर्दै आएकोमा पछिल्लो दुई/तीन वर्षदेखि कार्यक्रम आयोजना गर्न नसएिको स्विकार गरे ।

त्यस्तै, अर्का कलाकार श्रीकृष्ण सिम्खडाले 'बादल लाग्दैमा पानी कहाँ झर्छ र, हुरीबतास आएमा कहाँ पानी पर्छ र ?' बोलको कवितामार्फत सरकारप्रति व्यंग्य हानेका थिए । उनले पुरोहितहरु प्रति कटाक्ष हानेका थिए । उनको भनाई थियो,'मार्केटमा पुरोहितहरु अलि दिनमा कराउँछन्, दक्षिणा पाएपछि रक्सि खाँदै कराउँछन्...आफु सही र अरु भन्दै गलत गफ दिन्छन् ।'

सिम्खडाले ऋषि धमलको देशको समसामयिक जनजीविकाको विषयमा दैनिक बहस गर्ने बानी आफूलाई मनपर्ने बताए । धमलाको प्रशंसा गर्दै उनले भने, 'धमला ईज ग्रेट म्यान ईन नेपाल ।' सो क्रममा उनले प्रधानमन्त्री शेरबहादुर देउवाको क्यारिकेचर गरेका थिए । देउवाको भूमिकामा प्रस्तुत भएका सिम्खडाले आगामी निर्वाचनमा 'देउवा र पत्नी आरजु' दुवै निर्वाचन लड्ने भन्दै देउवाको क्यारिकेचर गरेका थिए ।

यसैगरी, अर्का हास्यकलाकार दमन रुपाखेतीले अब आउने चुनावमा ६० वर्ष माथिका नेताहरुलाई उम्मेदवारी नदिन आग्रह गरे । बुढा/पाका नेतालाई थन्काएर युवा नेताहरुलाई नेतृत्वमा ल्याउनुपर्ने उनको धारणा थियो । उनले ऋषि धमलाको नाक लामो भएको उल्लेख गर्दै भने,'उहाँको जति लामो नाक छ त्यत्तिनै मन सफा छ ।'

धमलालाई उनले बहुप्रतिभाशाली व्यक्तित्वको संज्ञा दिए । रुपाखेतीले आफू र जितु नेपाल एउटै हो भन्दै अब जितुसँग मिलेर अघि बढ्ने स्पष्ट पारे । उनले पनि प्रधानमन्त्री देउवाको क्यारिकेचर गरेका थिए ।

त्यस्तै, अर्का कलाकार शिवशंकर रिजाल 'जोगिन्दर' ले भ्रष्टाचारको विरुद्धमा प्यारोडी सुनाएका थिए । उनको प्यारोडी यस्तो थियो-

कसो कसो बास पऱ्यो अख्तियारको घरमा,
किन आँखा पर्‍यो होला मैले कमाएको धनमा
देश हाँक्ने भनेर नै लडेका हुन अरे
जनता सुकीसुकी मर्न आँटे तिनले भुँडी भरे...
होइन भने कलिलो गणतन्त्रलाई सोध जनतालाई'

उनले यस वर्षको गाईजात्रामा भने 'गठबन्धन' नामक कोशेली ल्याएको सुनाए । उनले आफ्नो उक्त नयाँ गाइजात्रे कोशेलीको सानो अंश 'यस्तै छ जनाव, २०७९ को स्थानीय चुनाव' बोलको प्रस्तुती दिएका थिए ।

पत्रकार ऋषि धमलाले देशको बेथितिको विरुद्धमा बोलेका थिए । सम्बोधनको क्रममा उनले भनेका थिए, 'देशमा सुशासन छैन, जताततै भ्रष्टाचार छ । जनता फोहोरको डंगुरमा बस्न विवश छन् । तर, सरकार मुकदर्शक भएर बसेको छ ।' उनले अबको निर्वाचन देश र जनताको भाग्य र भविष्य बदल्नसक्ने हुनुपर्ने भन्दै राम्रा, सक्षम, योग्य र उर्जावान व्यक्तिहरुले जनताको मन जितेर आउनुपर्ने र जनताले पनि राम्रो उम्मेदवार चयन गर्नसक्नुपर्नेमा जोड दिएका थिए ।

## 'चंगा चेट २'मा विपिन



**काठमाडौं/मस–** दीपेन्द्र के. खनालले निर्देशन गर्न लागेको फिल्म 'चंगा चेट २'मा अभिनेता विपिन कार्की भित्रिएका छन् । बिहीबार उनीसँग निर्मात्री शर्मिला पाण्डेले कागजी सम्झौता गरेकी हुन् । विपिनले फिल्मको कथावस्तु र भूमिका मन परेपछि काम गर्न लागेको बताएका छन् । दीपेन्द्रसँग उनको यो तेस्रो जुगलबन्दी हो । यसअघि उनीहरुबीच 'पशुपति प्रसाद' र 'के घर के डेरा'मा सहकार्य भएको थियो ।

फिल्मको छायांकन तिहारपछि सुरु गर्ने तयारीमा दीपेन्द्र छन् । यो अवधिमा विपिनले फिल्म 'फूलबरी', 'प्रसाद २' र बलिउड फिल्म 'एनिमल'को छायांकन सक्नेछन् । उनको अपोजिटका लागि केही दिनमा अभिनेत्रीको पनि टुंगो लाग्ने निर्मात्री पाण्डेले जानकारी दिइन् । फिल्ममा यसअघि अभिनेता अर्पण थापा अनुबन्ध भइसकेका छन् । निर्देशक खनाल यतिबेला स्क्रिप्ट लेखनमा व्यस्त छन् ।

२०७५ सालमा प्रदर्शन भएको 'चंगा चेट'लाई माधव वाग्लेले निर्माण गरेका थिए । तर, फिल्म प्रदर्शनको समयमा उनलाई आर्थिक समस्या उत्पन्न भएपछि निर्माताको रुपमा पाण्डे जोडिएकी थिइन् । उनले निर्माता वाग्लेबाट फिल्मको सम्पूर्ण अधिकार लिएर 'चंगा चेट २' बनाउन लागेकी हुन् । दीपेन्द्रले यसपटक गम्भीर कथालाई रमाइलो र व्यावसायिक रुपले प्रस्तुत गर्ने तयारी गरेका छन् ।

## नवराज र दीपको 'पतीदेव र महादेव पुज्ने गराइदेउ'

**काठमाडौं/मस–** नवराज कौडालको शब्द रचना साथै गायक जय देवकोटा र गायिका मेनुका थापाको आवाज रहेको नयाँ तीज गीत बिहीबार सार्वजनिक भएको छ । 'पतिदेव र महादेव पुज्ने गराइदेउ' बोलको गीतमा लक्ष्मी गुरुङ र अनिस क्षेत्रीको दमदार प्रस्तुति देख्न सकिन्छ । साथै बाल कलाकार अष्टिन श्रेष्ठको पनि प्रस्तुति देख्न सकिन्छ ।

निर्देशक दीप गुरुङले निर्देशन गरेको गीतको भिडियो मधुर बस्नेतले छायांकन गरेका हुन् । मेख बहादुर थापाले सम्पादन गरेको गीतको भिडियो दीप गुरुङको आफ्नै नामको युट्युब च्यानलमार्फत सार्वजनिक भएको हो ।




## अनुपविक्रम शाही कांग्रेस प्रवेश

**काठमाडौं/मस–** अभिनेता अनुपविक्रम शाही नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । शुक्रवार गृहमन्त्री तथा कांग्रेस नेता बालकृष्ण खाँणले उनलाई पार्टी सदस्यतासँगै नेपाल तरुण दलको सदस्यता पनि प्रदान गरे ।



कांग्रेसको सदस्यता लिएपछि अभिनेता शाहीले लोकतन्त्रको रक्षा र जनताको अधिकारका लागि कांग्रेसले गरेको योगदान बुझेर पार्टी प्रवेश गरेको बताएका छन् । आफू यसअघि कुनै राजनीतिक दलसँग आबद्ध नभएको र पहिलो पटक कांग्रेसको सदस्यता लिएको उनको भनाई छ । कांग्रेसले नेपालमा लोकतन्त्र स्थापनाका लागि गरेको संघर्षबाट आफू प्रभावित भएको उनले बताए ।

देशमा कलाकारलाई सम्मान गर्ने पार्टी कांग्रेस मात्र रहेको र धेरै अग्रज तथा सम्मानित कलाकारहरू कांग्रेससँग आबद्ध भएकाले पनि आफूलाई कांग्रेस मन परेको अनुपको तर्क छ । आफू यूवा भएकाले तरुण दल (नेपाली कांग्रेसको भातृ संगठन) मार्फत यूवाका पक्षमा काम गर्न चाहेको उनले बताए । उनी अब कलाकारिता र राजनीतिकलाई एकसाथ अगाडि बढाउने सोचमा छन् ।

नायकको रुपमा असफल भए पनि खलपात्रको भूमिकामा रुचाइएका अनुपले 'वीर विक्रम', 'हाउ फन्नी', 'ठमेल डटकम', 'जाइरा', 'जय शम्भु', 'पुरानो बुलेट', 'पासवर्ड', 'लप्पन छप्पन २', 'हँसिया' लगायत दुई दर्जन बढी फिल्ममा अभिनय गरिसकेका छन् । उनी अभिनीत नयाँ फिल्म 'लाखे' आगामी कात्तिक ११ गतेबाट प्रदर्शनमा आउँदैछ भने चाँडै फिल्म 'मायाको माया'मा काम गर्दैछन् ।


# रतुवामाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**मोरङ**

**प्रदेश नं १, नेपाल**

## जनहितमा जानकारी मूलक सन्देश

**१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।




**यसबाट बच्ने उपाय :**

क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।

**२) चट्याङ्को समयमा सतर्क रहौं ।**

**चट्याङबाट बच्ने उपाय :**

क) बिजुली चम्केको बेला सतर्क रहने,
ख) विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
ग) बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
घ) सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
ङ) खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
च) सकभर अग्लो स्थानमा नबस्ने,
छ) धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।



**३) गर्मी र वर्षातको समयमा खाना खाँदा ध्यान दिऔं ।**

**यसबाट बच्ने उपाय :**

क) बासी र सडेगलेको खानेकुराहरु नखाऔं ।
ख) पाकेको खाना मात्र खाऔं ।
ग) झिङ्गा र भुसुना भन्किने नदिऔं । खानेकुरा छोपेर राखौं ।
घ) खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
ङ) फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
च) सकेसम्म खुलारुपमा बेच्ने राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**